मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २४ ◆ अङ्क : २८४ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ भदौ १३ गते शुक्रबार (Friday, August 30. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

कोरियन भाषा
का लागि एकमात्र विश्वासिलो र भरपर्दो कन्सल्टेन्सी
FAST TRACK
Education Consultancy (P) Ltd., Birtamode
Shanischare Road, Birtamode-5, Jhapa
फोन: ०२३-५४०३५९ / ९८१६०३८८०४

गाई पाल्दा ५० लाख डुब्यो

# दूध नबिकेपछि गोठ भत्काउँदै कृषक

**सुरेन्द्र भण्डारी**

**बिर्तामोड, भदौ १२।** पशुपालन व्यवसायबाट धेरैले आर्थिक उपार्जन गरेका छन् । कतिले विदेशबाट फर्किएपछि त कतिले रोजगारीको अन्य बिकल्प नभएपछि पशुपालन व्यवसाय अंगाल्ने गरेका छन् । व्यवसायिक पशुपालन गर्नेमध्ये केही कृषक सफल भएका छन् भने कतिपय कृषकले लगानी समेत उठाउन नसकेर घाटा व्यहोरेका उदाहरण प्रशस्त भेटिन्छन् ।

झापाको कनकाई नगरपालिकास्थित सुरुङ्गाका लीला चिमरिया, हरि कार्की लगायतले पशुपालन व्यवसाय सञ्चालन गर्दा ठूलो आर्थिक घाटा व्यहोर्नु परेको छ । गाईपालन व्यवसाय सञ्चालन गर्दा मनग्ये आम्दानी हुन्छ भन्ने सुनेकै भरमा यो व्यवसायमा लगानी गरेका उनीहरुले घाटा मात्र व्यहोर्नु परेन नजानेको काममा हात हाल्दा असफल भइँदोरहेछ भन्ने पाठ समेत सिकेको चिमरियाले बताए ।

'सूर्योदय कृषि फर्म दर्ता गरेर पाँच वर्ष अघि कनकाई नगरपालिका-२ स्थित सुरुङ्गामा हामी पाँच जनाले १०/१० लाख रुपैयाँ लगानी गर्दै गाई पाल्न शुरु गरेका थियौं'- चिमरियाले भने- 'ठूलो योजनाका साथ झण्डै एक करोड रुपैयाँ लगानी गर्दै चरणबद्ध रुपमा यो फर्मलाई देशकै उत्कृष्ट बनाउने योजना थियो, तर सफल भइएन ।'



गाईपालन व्यवसाय सञ्चालन गरेकै कारण आफूले मात्रै २५ लाख रुपैयाँ घाटा व्यहोरेको चिमरियाको भनाइ छ । उनी भन्छन्- 'म आफैं फर्मको प्रवन्ध निर्देशक थिएँ, एक सय २२ वटासम्म गाई पालेकै हो । तर, डेरी उद्योगले 'मिल्क होलिडे' भन्दै दूध नलिएपछि बाध्य भएर फर्म बन्द गर्नु पर्‍यो ।'

गाईपालन व्यवसाय सञ्चालन गर्न म लगायत कुमारमणि पोखरेल, लीला चिमरिया, ईश्वर मित्तल, हरि खड्का, खगेन्द्र सापकोटाले शुरुमा लगानी गरेका थियौं । 'गाई फर्मबाट भनेजस्तो आम्दानी गर्न नसकेपछि सापकोटा, मित्तल र पोखरेलले फर्म छाड्नुभयो'- चिमरियाले भने- उहाँहरुले पार्टनरसिप छाडेपछि अरुलाई शेयर सदस्य बनाएर फर्म सञ्चालन गरियो, तर त्यो पनि सफल भएन ।'

चिमरियाकै अगुवाईमा पुनः सात जनालाई गाई फर्ममा सम्लग्न गराएको बताइएको छ । सात/सात लाख रुपैयाँ शेयर लगानी गर्दै गाई फर्ममा आबद्ध भएसंगै उनीहरुलाई फरक-फरक जिम्मेवारी दिइएको बताइएको छ । जसका लागि चिमरिया प्रबन्ध निर्देशक, दण्डपाणि (डीवी) गौतम र कमल सिटौला गाई बिभाग प्रमुख, हरि खड्कालाई पाडा विभाग प्रमख, साजन थापा र विवेक शिवाकोटीलाई बाखा विभाग प्रमुख, पुण्यप्रसाद ओझा र झलक सिटौलालाई कुखुरा विभाग प्रमुखको जिम्मेवारी प्रदान गरिएको थियो ।

एक सय वटा उन्नत जातका खशी, एक सय पाडा, एक सय गाई र दुई हजार वोइलर कुखुरा पाल्ने सोचका साथ व्यवस्थित फर्म सञ्चालन गरेपनि सफल हुन नसकेको गौतमले बताए । उनले भने- 'मौलीबाट जमुनापारीका उन्नत जातका बोका ल्याएका थियौं, हावापानी नमिलेर मरे ।'

डेरी उद्योगले शुरुमा दूध लाने गरे पनि पछि दूध नलिएर दैनिक आठ सय लिटर दूध फ्याक्नु परेको फर्म सञ्चालक कार्कीको भनाइ छ । 'कहिले मिल्क होलिडे' त कहिले के बहाना बनाउँदै डेरीले दूध लिन छाडेपछि हामी गाईपालक कृषक मारमा परेका हौं-कार्कीले भने- अहिले त यो फर्ममा म एक्लै छु । सबै शेयर सदस्यहरु निस्किएर जानुभयो । मेरो जमिनमा गोठ बनाइएकाले बाध्यताले मैले यसको जिम्मेवारी लिनु पर्‍यो । जसका कारण मलाई

(बाँकी अन्तिम पृष्ठमा)

## अनुज्ञापत्र बिना नै उद्योग सञ्चालन



**बिर्तामोड, भदौ १२।** झापाको बिर्तामोडमा रहेका उद्योगहरुको अनुगमन गरिएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय झापा, राष्ट्रिय उपभोक्ता मञ्च, बिर्तामोड नगरपालिकाका जनप्रतिनिधि तथा संवाद समूहका प्रतिनिधि सम्मिलित टोलीले बिर्तामोडमा सञ्चालित पानी र पाउरोटी उद्योगको अनुगमन गरेको हो ।

अनुगमनका क्रममा दिपीका पाउरोटी फ्याक्ट्री र शाश्वत पानी उद्योगले अनुज्ञापत्र नलिएको पाइएपछि तत्काल अनुज्ञापत्र लिन निर्देशन दिइएको छ । पाउरोटी फ्याक्ट्री मदन राजवंशी र पानी उद्योग रमेशराज उपाध्याय तथा आनन्द आचार्यले सञ्चालन गरेको बताइएको छ ।

वजारमा अखाद्य बस्तु बिक्री हुने गरेको गुनासो बढेसंगै खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले अनुगमन शुरु गरेको हो । अनुगमनका लागि कार्यालयका खाद्य निरीक्षक भरत पुरी, बिर्तामोड नगरपालिकाका जनप्रतिनिधि लक्ष्मीप्रसाद वास्कोटा, राष्ट्रिय उपभोक्ता मञ्चकी सदस्य शीला उप्रेती, सञ्चारकर्मी लगायत सहभागी थिए ।

## शिलगढी-काठमाडौं बस सेवा

**झापा, भदौ १२।** पूर्वी नाका काँकरभिट्टा हुँदै दैनिक काठमाडौंबाट पश्चिम बंगालको शिलगढीसम्म बस सेवा शुरु भएको छ ।

गत सोमबार काठमाडौंमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठ र नेपालका लागि भारतका राजदूत मन्जिवसिंह पुरीले सो सेवाको संयुक्त उद्घाटन गरेका थिए ।

सेवा उद्घाटनसँगै दैनिक वातानुकूलित ४४ सिटका बा५ख ७९४२ र बा५ख ७९४३ नम्बरका नेपाल भारतमैत्री बसले सेवा दिइरहेका नेपाल भारतमैत्री संघ संयुक्त यातायात प्रालिका अध्यक्ष भरत तिम्सिनाले बताए । उनले पर्यटन वर्ष २०२० लाई लक्षित गरेर सरकारले काठमाडौंदेखि शिलगढीसम्मको बस सेवा शुरु गरेको जानकारी दिए ।

पर्यटकीय आकर्षणको केन्द्रबिन्दु रहेको काठमाडौंमा भुटान, बङ्गलादेश, भारतको



सिक्किम, दार्जीलिङ, कालेङ्पोङ, बर्मालगायतका पर्यटकलाई स्थलमार्गबाट नै ल्याउन सो बस सेवा प्रभावकारी हुने उनको भनाइ छ । काठमाडौंदेखि शिलगढीसम्मको ६५० किमि लामो यात्रा गर्न बसलाई १८ घण्टा लाग्ने अध्यक्ष तिम्सिनाको भनाइ छ ।

उनका अनुसार हरेक दिन बसले अपरान्ह ३:०० बजे काठमाडौं छोड्ने र काँकरभिट्टादेखि पानीट्याङ्की हुँदै भोलिपल्ट बिहान ९:०० बजे शिलगढी पुग्ने बसको भाडा रु. दुई हजार नेपाली तोकिएको छ । नेपाल र भारतबीच बस सेवाका लागि विभिन्न १२ रुट स्वीकृत गरिएका छन् । जसमध्ये काठमाडौंदेखि शिलगढी एघारौं रुट भएको उनले बताए । तत्काल काठमाडौंबाट दुई र शिलगढीबाट दुई गरी चार बस सञ्चालनमा ल्याउने भारत सरकारसँगको सहमति भए पनि भारतले आगामी १५ दिनभित्रमा मात्र सेवा सञ्चालनमा ल्याउने तयारी गरेको अध्यक्ष तिम्सिनाले जानकारी दिए ।

ग्रीन जेनेरेशनका अध्यक्ष अर्जुन कार्कीले काठमाडौं-शिलगढी बस सेवाले कसैलाई नोक्सान नपुर्‍याउने र राष्ट्रलाई फाइदा पुग्ने बताए । उनले भने- नजिकिइरहेको पर्यटन वर्ष २०२० लाई सफल पार्न सरकारको यो पवित्र निर्णयलाई स्वागत गर्दै सबैको सहयोग

(बाँकी अन्तिम पृष्ठमा)

कनकाई उद्योग वाणिज्य संघ, सुरुङ्गा, झापाको कर्मचारी आवश्यकता

यस संघको कार्यालय व्यवस्थित रुपमा सञ्चालन गर्न तपशिल बमोजिमको कर्मचारी आवश्यकता भएकाले इच्छुक नेपाली नागरिकबाट आवेदन आव्हान गरिन्छ ।
पद : **कार्यालय प्रमुख** योग्यता : स्नातक
**तलब :** आपसी समझदारीमा तय गरिनेछ ।
स्थानीयलाई प्राथमिकता दिइनेछ । संघको सम्पूर्ण हिसाबकिताब तथा अभिलेख कम्प्युटरमा राख्नुपर्ने भएकाले कम्प्युटरमा दक्ष हुनुपर्नेछ ।
**परीक्षाको किसिम :** अन्तरवार्ता ।
**निवेदन दिने अन्तिम मिति :** २०७६ साल भदौ २० गते अपरान्ह ४:०० बजेसम्म ।
**सम्पर्क मिति :** २०७६ साल भदौ २१ गते **अन्तरवार्ता मिति :** सम्पर्क मितिमा तोकिनेछ ।
सम्पर्क : ०२३-५५११००/९८०६०६८०८०
**तुलसी बिमली: महासचिव**

जग्गा बिक्रीमा

झापाको साविक गोलधाप गाविस हाल हल्दिबारी गाउँपालिका वडा नम्बर १मा रहेको १-८-०-० (एक बिगाह ८ कठ्ठा) जग्गा बिक्रीमा रहेकोले इच्छुक महानुभावले सम्पर्क राख्नुहोला
**जग्गाको बिशेषता:** पानी नजम्ने, प्राकृतिक जंगल तथा हरियाली, २५ फिटको बाटोले छोएको, उर्वरा माटो ।
सम्पर्क: ९८२५९२९०६६

सञ्जीवनी अस्पतालमा विशेष डाक्टरहरुको सेवा

डा. सीपी यादव
वरिष्ठ मुटु रोग विशेषज्ञ
अब २४ सै घण्टा
डा. दीपक पौडेल
वरिष्ठ नवजात शिशु तथा बाल रोग विशेषज्ञ
दैनिक सेवाहरुः
- बालरोग सेवा
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
- स्त्री तथा प्रसूति सेवा
- छाला तथा यौन रोग सेवा
- फिजिसियन (मधुमेह, प्रेसर, पेट, छाती तथा थाइराइड) सेवा
- नाक, कान, घाँटी रोग सेवा
- भिडियो एक्स-रे सेवा
नोटः ओपीडी सेवा, विहान ९ बजेदेखि ५ बजेसम्म । २४ सै घण्टा इमरजेन्सी तथा ICU सेवा
सञ्जीवनी अस्पताल प्रालि
बिर्तामोड-१, झापा (०२३-५४४२६०)

" Shine with Life, Learn With Love, Grow with God "

देश तथा विदेशमा रहेर आफ्ना छोराछोरीको उज्ज्वल भविष्यको कल्पना गर्दै र सपना देख्दै बहुमूल्य आँशु र पसिना बगाउँदै श्रम गर्नुहुने सम्पूर्ण आदरणीय बुबाहरुमा **"पिता तीर्थ औंसी"**को उपलक्ष्यमा सु-स्वास्थ्य एवम् दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।




**रेवा पोखरेल** : अध्यक्ष
CES बाल क्लब
सम्पूर्ण पदाधिकारी तथा बिद्यार्थी वर्ग
चिल्ड्रेन इन्भारोमेन्ट स्कुल
बिर्तामोड-१ ,झापा (फोन नं ०२३-५४०४२३ / ५४४५६५)

पायल्स तथा फिस्टुलाको उपचार छारसुत्रबाट

पायल्स फिस्टुला, दिसाबाट रगत बग्ने, मासु पलाएको, घाउ भएको, बेर्नु झर्ने, पुरानो कब्जियत र दिसाघर चिलाउने जस्ता रोगहरुको विशेषज्ञ सेवा यही **भदौ १३, १४, १५ र १६** गते काठमाडौंबाट आउनुहुने डाक्टरबाट उपचार हुँदैछ । बिरामीले सम्पर्क गरी स्वस्थ हुनुहोस् ।
ॐ धनवन्तरी आयुर्वेद क्लिनिक
बाणिज्य बैंक छेऊ, बिर्तामोड, झापा (फोन नं. ०२३-५४०५३०, ९८५२६७३१७३)

प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट बिर्तामोडको विद्यार्थी भर्ना सम्बन्धी सूचना

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त यस प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट बिर्तामोडमा स्नातक तह व्यवस्थापन संकायतर्फ **चार बर्षे वीवीएस प्रथम** (4 yrs BBS First Year) बर्षमा विद्यार्थी भर्ना खुलेको सम्पूर्ण विद्यार्थी तथा अभिभावकहरुमा जानकारी गराउँदछौं ।
**विद्यार्थी भर्ना आवेदन फारम कलेज प्रशासनबाट वितरण भइरहेको छ ।**
सम्पर्कः प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट
बिर्तामोड-१, झापा (फोन नं. ०२३-५४०४४३, ५४०१९५)

नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर
Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को सम्पूर्ण पार्ट्सहरु १०% छुट गरिएको छ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ
निशान्त मोटसाइकल पाट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

निःशुल्क स्वास्थ्य शिविर

(यही भदौ १४ गते शनिवार)

| | |
|---|---|
| डा. निलकण्ठ उपाध्याय BAMS/ TU | पाइल्स, हर्षा, बबासिर, कब्जियत, दम, खोकी, ग्याष्ट्रिक, शिरोरोग, पिनास, महिला रोग |
| डा. भगवान शाह MPT / CMT | कम्मर, दुख्ने, गर्दन दुख्ने, नशा च्यापिएको, बाथ, युरिक एसिड, प्यारालाइसिस, मुख बाङ्गिएको |



फिजियोथेरापी, क्षारसुत्र र प्याथालोजीमा विशेष छुटको व्यवस्था छ ।
बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन नं. ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

बाथरोगका बिरामीहरुलाई खुशीको खबर

डा. अन्जल बिष्ट
M.B.B.S. M.D.(Internal Medicine)(NAMS)
Fellowship in Clinical Immunology and Rheumatology (GRIPMER New Delhi)
बाथरोग विशेषज्ञ
NMC-8013
यही भदौ १३ गते र १४ गते शनिबार वीर अस्पताल काठमाडौंबाट आउँदै हुनुहुन्छ ।
डा. सुधिर गिरी
M.B.B.S. M.D. (Skin & V. D.) (T.U.T.H)
छाला(चर्म) यौन तथा कुष्ठ रोग विशेषज्ञ
NMC. No– 5344
दैनिक सेवा उपलब्ध छ ।
सम्पर्कः प्रान्जल फार्मेसी,
अन्धुवा पुल, उत्तर बिर्तामोड (०२३-५४४८२२, ९८४२६५४३२५)

# झापामा साइलेस प्रविधिको घाँसप्रति आकर्षण



**बिर्तामोड, भदौ १२।** व्यवसीयक पशुपालन गर्नेको संख्या झापामा दिन प्रतिदिन बढ्दो छ। तर, पछिल्लो समय पशु आहारको व्यबस्थापनले कृषक चिन्तित छन्।

उन्नत प्रजातिका लैनो गाई पाल्ने क्रम बढेसँगै तिनीहरुको आहार कृषकका लागि मुख्य चिन्ताको बिषय बन्दै गएको छ। न्यून उत्पादन, उच्च माग, अनियन्त्रित र बिचौलिया ग्रस्त बजारका कारण अहिले पशु आहारमा भारी मूल्य बृद्धि भएको छ। अहिले कच्चा पदार्थको रुपमा प्रयोग हुँदै आएको मकैको मूल्य बढेसंगै पशुपालक किसानको ढाड सेकाएको बताइन्छ।

पशु आहारको रुपमा प्रयोग हुँदै आएको दाना चोकरको मूल्यमा पनि अहिले ३० प्रतिशतसम्म बृद्धि भएका कारण कृषक मारमा परेको वाह्रदशी गाउँपालिका-५मा पाथीभरा एग्रो फर्म सञ्चालन गर्दै आएका दिनेश थापा बताउँछन्।

पशु आहारका रुपमा पराल खुवाउँदा दुधालु गाईले दूध कम दिने र दानाको मूल्य (चोकर) वृद्धिका कारण पशुपालक कृषकलाई समस्या हुन थालेपछि जिल्लाका कृषकले अहिले साइलेस प्रविधि (गुन्द्रुक जस्तै गरी बनाइने) बाट बनाइएको घाँस प्रयोग गर्न थालेका छन्।

साइलेस प्रविधिबाट बनाइएको घाँस खुवाउँदा दूध उत्पादनमा वृद्धि भएसंगै अधिकांश कृषक साइलेस घाँस प्रति आकर्षित भएको कनकाई नगरपालिका-२का कृषक हरि कार्कीले बताए। हरियो घाँसबाट बनाइने साइलेस घाँस पशुलाई खुवाउँदा दूध बढ्ने र बाँझोपनको समस्या घट्ने गरेको उनको भनाइ छ।

साइलेस घाँस खुवाउँदा पशु निरोगी भएर मोटाउने र दूध दिने क्षमतामा दोब्बर वृद्धि हुने गरेपछि आफूले पनि साइलेस घाँस प्रयोग गर्न थालेको पाथीभरा एग्रो फर्मका सञ्चालक थापाले बताए। उनले भने - मकैको समयमा साइलेस घाँस बनाएर राख्छु, त्यो घाँसले झण्डै ६ महिना पुग्छ। यस्तो घाँस पशुलाई आहारको रुपमा दिँदा हरियो घाँस दिए जस्तै हुन्छ।'

२४ घण्टामा एउटा दुधालु गाई भैसीलाई आवश्यक पर्ने पोषण तत्वको मात्रा समीश्रण गरी ब्लक निर्माण प्रविधिमार्फत तयार गरिएको आहार नै पूर्ण मिश्रण सहितको आहार हो। यस्तो आहारका लागि साइलेस प्रविधिबाट तयार गरिएको घाँस उत्तम हुने बताइएको छ।

पशु आहारको रुपमा पराल प्रयोग गर्दा २ प्रतिशत पौष्टिक तत्व र साइलेस प्रविधिको घाँस खुवाउँदा ७ प्रतिशत पौष्टिक प्राप्त हुने भएपछि पशुपालक कृषक अहिले यस्तो घाँस खुवाउन उत्साहित बनेको बताइन्छ। बढी भएको समयमा घाँसलाई सिन्की, गुन्द्रुक (साइलेस) बनाउने र हिउँदमा त्यसको प्रयोग गर्ने गरिएको छ।

कनकाई नगरपालिका-२ का कृषक कार्की अहिले व्यवसायिक रुपमा साइलेस प्रविधिबाट घाँस उत्पादन गर्दै आएका छन्। उनले उत्पादन गरेको घाँस जिल्लाका विभिन्न स्थानमा रहेका कृषकले लाने गरेका छन्।

# झरी पर्ने क्रम घट्दै

**काठमाडौँ, भदौ १२।** नेपालमा विगत तीनदशक भन्दाबढी समयको मौसमी तथ्याङ्क केलाउँदा झरी पर्ने दिन क्रमशः घट्दै गएको देखिएको छ। एक्कासि मुसलधारे पानी पर्ने क्रम भने बढ्दो छ।

कम्तीमा तीन दिनसम्म लगातार एकदेखि १० मिलिमिटरसम्म निरन्तर वर्षा हुने क्रमलाई सामान्यतया झरी भनिन्छ। यो मौसमी अवस्था सन् २०००देखि त झन तीव्ररुपमा घटेको ऊर्जा, जलस्रोत तथा सिञ्चाइ मन्त्रालय अन्तर्गतको जल तथा मौसम विज्ञान विभागको तथ्याङ्कले देखाउँछ।सन् १९८० देखि २०१५ सम्मको मनसुन अवधि (जुनदेखि सेप्टेम्बर)को प्राप्त विवरण विश्लेषण गर्दा त्यस्तो प्रवृत्ति देखिएको विभागका वरिष्ठ मौसमविद् डा. इन्दिरा कँडेल बताउँछिन्।

विभागले मुलुकभरका २८ मौसमी सूचना केन्द्रबाट लिएको तथ्याङ्कलाई विश्लेषण गरेको हो। उनी भन्छिन्- पहिलेको तुलनामा झरी पर्ने दिन क्रमशः घट्दो छ, एक्कासि वर्षा हुने क्रम भने बढ्दो छ। जुन तथ्याङ्कमा पनि स्पष्ट हेर्न सकिन्छ। नेपालमा यस वर्ष हालसम्म एकै दिनमा सबैभन्दा बढी वर्षा जनकपुरमा भएको तथ्याङ्कको अभिलेख छ। यस वर्ष जुलाई १३ मा जनकपुरमा २८३.८ मिलिमिटर पानी परेको थियो। त्यस्तै जुन १५मा एकैदिन सबैभन्दा बढी वर्षा सुनसरीको तरहरामा ११५.५ मिलिमिटर र अगष्ट १७ लुम्लेमा १८०.९ मिलिमिटर वर्षा भएको तथ्याङ्क छ।

जलवायु परिवर्तनका असरका कारण बिगतको तुलनामा लगातार झरी पर्ने दिन घटेको र मुसलधारे पानी पर्ने दिन बढेको मौसमविद्को भनाइ छ। एकै दिनमा १०० मिलिमिटरभन्दा बढी वर्षा हुने क्रम बढेको छ। त्यसले विपद्का घट्नासमेत बढेको बताइएको छ।जल तथा मौसम विज्ञान विभागका पूर्वमहानिर्देशकसमेत रहेका जल तथा ऊर्जा आयोगका सहसचिव ऋषिराम शर्मा मुसलधारे वर्षाले नेपालको भू-उपयोग, विकास निर्माण, अव्यस्थित बस्तीमा ठूलो असर पार्ने गरेको बताउँछन्। उनले एक्कासि ठूलो पानी पर्नाले कृषि बालीनालीमा असर पर्ने, बाढी पहिरोलगायत विपद्का घटना बढ्ने बताए। वर्षामा आएको यो परिवर्तन जलवायु परिवर्तनका असरको परिणाम भएको सहसचिव शर्मा बताउँछन्।

विस्तारै र निरन्तर वर्षा हुँदा जमीनले पानी सोस्ने र त्यो पानी विस्तारै मूल फुटेर बग्ने गरेको बताउँदै भूगर्भविद् डा. कृष्ण देवकोटा भन्छन्- आकाशबाट एक्कासी ठूलो वर्षा हुँदा जमीनले सोस्न नसकेपछि पहिराको जोखिम बढ्छ। अहिले पहाडमा जथाभावी सडक खन्ने प्रवृत्ति बढेको र त्यो खनेको जमिनमा एक्कासी हुने ठूलो वर्षाले माटो बगाइ पहिरो जानेक्रम बढेको उनको भनाइ छ।

सामान्यतया नेपालमा मनसुन प्रवेश गर्ने मिति जुन १० मानिन्छ भने सेप्टेम्बर २३ सम्म मनसुन कायम रहन्छ। यो वर्ष नेपालमा मनुसुन जुन २० मा प्रवेश गरेको हो। विगत १८ वर्षको अवधि हेर्दा नेपालमा पाँच वर्ष मात्र जुन १० अघि मनसुन प्रवेश गरेको छ भने अरु वर्ष ढिला नै प्रवेश भएको छ।

गत १८ वर्षको मौसमी तथ्याङ्क हेर्दा सन २००२ बाहेक सबै वर्ष मनसुन औसतभन्दा ढिलासम्म सक्रिय रहेको छ। सन् २०१३ मा त नेपालमा अक्टोबर १९ सम्म मनसुन सक्रिय रहेको विभागका वरिष्ठ मौषमविद् डा. कँडेल बताउँछन्।

# मुसाले टोकेको भन्दै अस्पताल जान ढिलाईले बालिकाको मृत्यु

**बिर्तामोड, भदौ १२।** सर्पको डसाइबाट झापामा एक बालिकाको मृत्यु भएको छ।

मृत्यु हुनेमा झापा गाउँपालिका-२ निवासी १३ वर्षीया कौशिला राजवंशी रहेकी छिन्। उनलाई बुधवारराति सर्पले डसेको बताइएको छ। कुवाडी देवी मावमा कक्षा ६मा अध्ययनरत् बालिकाको सर्पदंशका कारण राति नै निधन भएको सिमलवाडी आधारभूत विद्यालयकी शिक्षक तलु बास्केले जानकारी दिइन्। बालिकालाई राति सर्पले डसे पनि मुसाले टोकेको भन्दै बसेको र अस्पताल लान ढिलाइ गर्दा उनको मृत्यु भएको शिक्षक वास्केले बताइन्।


## कुक चाहियो



फास्ट फुड एण्ड क्याफेका लागि १ जना कुकको आवश्यकता परेकोले इच्छुक तथा अनुभवी व्यक्तिले तु-सम्पर्क गर्नुहोला।

**WAVE फास्ट फुड क्याफे**

शनिश्चरे रोड, बिर्तामोड, झापा

सम्पर्कः ९८१४०७४०८७/ ९८४२७१६५०५


## शिलगढी...

आवश्यक रहेको उनले बताए। सो बस सञ्चालनबारे काँकरभिट्टाका यातायात व्यवसायी, नागरिक समाजका अगुवा भने विरोधमा उत्रिएका छन्।

स्थानीय सरोकार समितिका संयोजक ज्ञानेन्द्र घिमिरेले सिधा बस सेवा सञ्चालनले काँकरभिट्टाको व्यवसाय धरापमा पर्ने बताए। नेपाल ट्रेड युनियन व्यवसायी संघका सल्लाहकार गोपाल शिवाकाटीले तत्काल दुई वटा बस सञ्चालनमा आउँदा समस्या नभए पनि भविष्यमा भारतका हरेक शहरबाट नेपालका विभिन्न स्थानमा पुऱ्याउने सेवाले पूर्वी नाका काँकरभिट्टाको चहलपहल हराउनेमा चिन्ता व्यक्त गरे।

## दूध ...

नसोचेको घाटा भएको छ। एक सय २२ माऊ लैनो गाई भएको फर्ममा अहिले तीन वटा गाई छन्।' ठूलो योजनाका साथ फर्म सञ्चालन गरे पनि दूधले मूल्य नपाएकै कारण अहिले बनाएको गाई गोठ भत्काइँदै छ- कार्कीले भने- 'तालमेल मिलेन भने पशुपालक कृषक सँधै मारमा पर्छन्।'

गाई फर्म सञ्चालक आफैंले सुरुङ्गामा डेरी राखेका थिए। तर, आफ्नै गाई फर्मको दूध विकिनसकेपछि पनिर बनाएको चिमरियाले बताए। तर, पनिर पनि भनेको मूल्यमा नबिक्ने अनि गाईलाई खुवाउने दानाको मूल्य दिन प्रतिदिन बढेका कारण गाई पाल्न समस्या भएर आफूहरुले फर्म बन्द गरेको चिमरियाले बताए।


## मोटरसाइकल बिक्रीमा

बजाज कम्पनीको Avenger 2 (२२० सीसी) मे९प ८६२९ नम्बरको मोटरसाइकल बिक्रीमा रहेकोले खरिद गर्न चाहने इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला।

सम्पर्कः ९८१५०२२२५१, ९८४२७१०२८४

## शिक्षक आवश्यकता

श्री सूर्योदय इङ्लिस एकाडेमी बाह्रदशी-७ डाँगीवारीलाई तपशिल अनुसारका शिक्षक आवश्यकता परेको हुँदा योग्यता पुगेका इच्छुकले तु-सम्पर्क गर्नुहोला।

पदः **अंग्रेजी शिक्षक**

योग्यताः +२ पास गरेको एक जना (महिला)
डिप्लोमा पास गरेको १ जना

तलबः आपसी समझदारीमा तय गरिनेछ।

थप जानकारीका लागिः ९८०४९५३९१०, ९८६३१६८०२८

## कर्मचारी आवश्यकता

१) पञ्चकन्या हुँदै बाल्मीकि, मुक्तिचोक, कृषिथोक, शनिश्चरेरोड, मातामन्दिर, पुष्पलाल चोकसम्म पत्रिका वितरण गर्ने कर्मचारी चाहिएकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला। (**तलबः ७०००+ बोनस गरेर १०,०००।-सम्म बचाउन आफ्नै मोटरसाइकल भएको हुनुपर्नेछ।) काम गर्ने समय बिहान ९ बजेसम्म।**

२) लक्ष्मीपुरबाट दुर्गापुर, सिमसार, कालीमुडा हुँदै चम्पापुरसम्म पत्रिका वितरण गर्ने कर्मचारी चाहिएकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला। **तलबः ५०००+बोनस् गरेर ८,००० सम्म बचाउने, आफ्नै साइकल भएको हुनुपर्नेछ।**

**मो. ९८०१४०४०००, ९८१६६४१५७६**

## कर्मचारी तु-आवश्यकता

यस मेघा डिपार्टमेन्ट स्टोरलाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला।

**पदः सेल्स गर्ल-** २ जना (महिला) योग्यताः +२ वा सो सरह

आवश्यक कागजातः नागरिकताको फोटोकपी, १ प्रति फोटो र सीभी

तलबः आपसी समझदारीमा

सम्पर्कः **मेघा डिपार्टमेन्ट स्टार**

मेघा कम्प्लेक्स, दोस्रो तला, बिर्तामोड, झापा

फोन नं. ०२३-५४६६७८, ९८०८३५६२१७











श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : हेमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# मानवीयता मरेकै चाहिँ होइन

**झापाको जेठो नगरपालिका भद्रपुरका सञ्जय घोष उनको दानशीलता र सेवाभावका कारण चर्चामा आएका छन् । यद्यपि घोषले गरेको कर्म चर्चा वा स्वार्थबस भएको देखिँदैन । उनी स्थानीय गौतम बुद्ध प्राथमिक विद्यालयमा अध्ययनरत् दुई सय विद्यार्थीलाई विगत तीन महिनादेखि लगातार खाजा खुवाउँदैछन् । सरकारले पछिल्लो समय बाल विकास कक्षामा अध्ययनरत् बालबालिकाका लागि खाजाको व्यवस्था गरी उनीहरुसँगै अभिभावकलाई समेत विद्यालयप्रति आकर्षित गर्ने लक्ष्य लिएको थियो । तर, आर्थिक वर्ष २०७५/०७६ देखि खाजा वापतको रकम कटौती गर्‍यो । विद्यालय छाड्ने प्रवृत्ति अन्त्य गर्ने उद्देश्यका साथ सामुदायिक विद्यालयमा अध्ययनरत् बालकक्षाका विद्यार्थीहरु औसतरुपमा विपन्न, अल्पसंख्यक, सीमान्तकृत वर्गका हुने गरेको समाज, राज्यको बुझाइ छ ।**

**विपन्नताका कारण शिक्षाप्रतिको लगाव नभएको वर्गलाई शिक्षा नै उन्नतिको पहिलो आधार हो भन्ने बोध गराउनु सरकारको पहिलो दायित्व हो । यस्तो सरकार केन्द्र मात्र होइन प्रदेश, स्थानीय र आफू बसेको वार्ड मै छ । तर, यी कसैले कुनै चासो र चिन्ता प्रकट नगरेको अवस्थामा घोष एक्लैले बालविकासका मात्र होइन सम्पूर्ण विद्यार्थीलाई खाजा खुवाउने जिम्मेवारी लिनु उनको उदारताको परिणाम हो । यसले मानवीयता, हार्दिकता, उदारता र संवेदना मरिसकेको छैन भन्ने पुष्टि गरेको छ । कतिपय परिवार हातमुख जोर्नकै लागि अतिशय कष्ट व्यहोर्न बाध्य छन् । उनीहरुलाई परिवार पाल्न नै धौ–धौ परेको हुन्छ । यस्तोमा खान दिइन्छ भन्ने आशामा छोराछोरीलाई विद्यालय पठाउने उनीहरु खाजा बन्द भएपछि विद्यालयलाई महत्व दिन सक्दैनन् ।**

**'भोको पेटले बेद पढिँदैन' यो व्यवहारले सिद्ध गरेको भनाइ हो । दैनिक मजदुरी गर्ने आमा–बुबाका छोराछोरी खान पाइने लोभले विद्यालय आउँछन् । उनीहरु शिक्षाको लाभका बारेमा अनभिज्ञ छन् त्यसकारण पनि घोषको कर्म प्रशंसायोग्य मात्र होइन स्त्युत्य पनि छ । उनको कर्मले अरुहरुलाई शिक्षा र प्रेरणा दिन सक्छ । यसले 'विद्यालय छाड्ने' दरमा कमी ल्याउन र सबैका लागि शिक्षाको मान्यता पूरा गर्न सहयोग गर्नेछ । यस अर्थमा घोष प्रेरणाका आधार बनिएका छन्, आदर्श, निष्ठा र सत्कर्मका उदाहरण पनि ।**

**सेवा गर्छु भनेर पद प्राप्त गर्ने अनि आर्थिक लाभका लागि मरिहत्ते गर्ने आजको नेपाली समाजको चरित्रका बीच सञ्जयको सेवा औंशीको रातको दियो हो । त्यही दियोले अरुहरुको मनभित्रको संवेदना, मानवीयता र सेवाभावलाई जगाउन सक्यो भने ठूलो उपलब्धी हुनेछ समाजका लागि । यस्ता कर्मशील, सहयोगी र उदारमना पात्रहरु समाजमा अरु पनि हुन सक्छन् । यस्तै सेवा र योगदानका कारण लाखौंको मनमा रहेको प्रमाणित भएका सञ्चारकर्मी रवि लामिछाने यो साता सर्वाधिक चर्चामा रहे । सहयोगापेक्षीहरुको पीडामा मल्हम लगाउने उनको कर्म संकीर्णता बोकेका बाहेक सबैका लागि सम्मानित बन्यो । अझै कति सहयोगी मनहरु वातावरण नपाएर, अंकुरित हुने अवसर नभएर हाम्रो वरिपरि हुनसक्छन् जसको भौतिक, भावनात्मक र अभिव्यक्तिको सहयोगले नै भोलिको सुन्दर समाज निर्माण गर्न सकारात्मक र प्रेरणादायी भूमिका निर्वाह गर्न सक्छ । यसकारण पनि सञ्जय घोषको निःस्वार्थ र निष्पृह सेवा सुन्दर भविष्यका लागि उदाहरणीय छ ।**

### सामाजिक सञ्जाल



७५३ स्थानीय सरकारले तिजको दर खान कति बजेट छुट्याएको छ, त्यो बजेट किशोरीका लागि सेनेटरी प्याड किन्ने शीर्षकमा परिवर्तन गरी खर्च गरोस् !

**– मदनकुमार खरेल**

रावणमा ज्ञानको कमि थिएन, उनले ज्ञानको उपदेश गरे, तर उनी स्वयम् निच कर्म गर्दथे । उनको भनाइ शुभ र पवित्र थिए । अर्कालाई उपदेश दिन धेरै व्यक्ति निपुर्ण हुन्छन् । तर, आफ्नो उपदेश अनुसार व्यवहार गर्ने मानिसहरू बहुत कम हुन्छन् ।

**– हरिकृष्ण शाक्य**

# टर्रो बोलेर कसैको मन जितिदैन !



**विष्णुप्रसाद खरेल**

संविधान दिवस मूल समारोह समिति अन्तर्गतको प्रचार-प्रसार उपसिमितिले यही बुधबार सञ्चार मन्त्रालयमा गरेको छलफल कार्यक्रममा सरकारका प्रबक्ता समेत रहेका सञ्चारमन्त्री गोकुल बाँस्कोटाले प्रयोग गरेका शब्दले नेपालीहरुको मानमर्दन गरेको छ। त्यसो त, बाँस्कोटा टर्रा शब्दको प्रयोग गर्नमा माहिर देखिएकै हुन्। उनले उक्त छलफलमा भने 'त्यो दिन (संविधान दिवशको विदाको दिन) तास खेल्नका निम्ति, पिकनिक खानका निम्ति, वियर खानका निम्ति, गलफ्रेण्ड लिएर हिँड्नका निम्ति, ब्वाइफ्रेण्डलाई भेट्न जानका निम्ति (विदा) दिएको होइन। फाइनल कुरा यही हो।'

बाँस्कोटाको उक्त भनाइले सरकारी विदाका दिन उनी यस्तै कार्यहरुमा ब्यस्त रहने गरेको आभाष मिल्दछ। मनोबैज्ञानिकहरुको भनाई अनुसार- एउटा मानिसले अर्को मानिसप्रतिको दृष्टिकोण तयार गर्दा पहिला आफ्नो चरित्रबाट प्रभावित भएर सोच्ने गर्दछ, रे। उक्त प्रभावले अरुको मूल्यांकन गर्ने गर्दछ। हामी सबैमा यही हुने हो। कुनै पनि विषयमा धारणा तयार गर्दा एउटा असल मानिसले सकारात्मक सोच राख्दछ र त्यही सोच अनुरुपका शब्दहरुको उच्चारण र प्रयोग गर्दछ। अझ, राज्यको नेतृत्वमा सामेल भएकाहरुवाट प्रयोग गरिने शब्दहरुलाई विशेष ध्यान दिन जरुरी हुन्छ। अहिलेका शाषकहरुमा अरुलाई होच्याउने, अरुप्रति शंका र सन्देश जनाउने र आफूमात्र अब्बल दर्जाको ठान्ने प्रवृतिले उनीहरुले प्रयोग गर्ने शब्द, जीवनशैली, आचरण र व्यवहारबाट नै प्रमाणित भएको जगजाहेर नै छ।

नेपालमा कम्युनिष्टहरुको बलियो सरकार छ। बलियो सरकारमा समावेश भएको दल र सरकारमा सहभागी शासकहरु आफैमा विनम्र हुनुपर्ने हो। अझ, सर्वहारा आचरण र कम्युनिष्ट चरित्रले त जनतालाई सदैव सम्मान गर्ने, उनीहरुलाई विनम्रतापूर्वक सचेत तुल्याउने र आफूलाई सबैभन्दा सर्वश्रेष्ठ जनसेवकका रुपमा प्रस्तुत गर्नुपर्ने हो। त्यो कतै देखिँदैन। विगतका शासकहरुको आलोचना गरिरहँदा अहिलेका शासकहरुमा के फरक छ भनेर सोचियो भने कुनै गुणात्मक भिन्नता पाउन सकिँदैन। अझ अहिलेका शासकहरुमा मन्त्री बाँस्कोटाको जस्तै टर्रो बोली र दम्भकारी संस्कार मौलाउन थालेको छ। जनता नोकर हुन्, शासकले जे बोल्दछ त्यो कुराको अनुशरण जनताले टाउको निहुराएर गर्नुपर्दछ भन्ने प्रवृत्तिले वर्तमान शासकहरु झन् आलोचित बनिरहेका छन्।

सन्दर्भ एउटा मात्र होइन, मन्त्री बाँस्कोटाको जस्तै शैली र आचरणले अहिले ब्याप्तता छाएको छ। प्रधानमन्त्रीबाट शुरु भएको दम्भकारी चरित्र र होच्याउने शब्दको प्रयोग अहिले कम्युनिष्ट आचरण र व्यवहार बनेको छ। कम्युनिष्टहरुमा एउटा अलग चरित्र विगतदेखि नै देखिएकै हो। स्तम्भकारको स्मरणमा अहिले पनि एउटा शैलीले जरो गाडीरहेको छ। २०३५/०३६ सालदेखि धेरै पछिसम्म देखिएको त्यो चरित्र पनि कम गज्जबको थिएन। चीनको कम्युनिष्ट आन्दोलनका अगुवा माओत्सेतुङ्ग सदैव कपाल ठाडो पारेर कोर्ने गर्दथे। उनले बोक्ने झोला हरियो रंगको थियो। माओको त्यो शैलीलाई नेपालको कम्युनिष्ट आन्दोलनमा लागेकाहरुले यति धेरै अनुशरण गरे की कपाल ठाडो पारेर कोर्ने र हरियो रंगको झोला बोक्नेहरु आफूलाई अब्बल दर्जाको कार्यकर्ताका रुपमा लिन थाले। प्रायः धेरै भूमिगत कार्यकर्ताहरुको शैली त्यस्तै बन्यो। उनीहरुको भेषभुषा र पहिरनले त्यतिबेलाको प्रहरीलाई कम्युनिष्ट भनेर थाहा पाउन सजिलो बनायो। जसका कारण उक्त शैलीलाई परिवर्तन गर्न उनीहरु बाध्य भएका थिए।

> माओको त्यो शैलीलाई नेपालको कम्युनिष्ट आन्दोलनमा लागेकाहरुले यति धेरै अनुशरण गरे की कपाल ठाडो पारेर कोर्ने र हरियो रंगको झोला बोक्नेहरु आफूलाई अब्बल दर्जाको कार्यकर्ताका रुपमा लिन थाले। प्रायः धेरै भूमिगत कार्यकर्ताहरुको शैली त्यस्तै बन्यो। उनीहरुको भेषभुषा र पहिरनले त्यतिबेलाको प्रहरीलाई कम्युनिष्ट भनेर थाह पाउन सजिलो बनायो।

माथिल्लो नेताको बोली, व्यवहार र जीवनशैलीलाई तल्लो तहका कार्यकर्ताले अनुशरण गर्ने आवेग कम्युनिष्टहरुमा अचाक्ली नै देखिन्छ। सायद त्यसैको परिणाम हुनुपर्दछ, अहिलेका माथिल्लो तहका कम्युनिष्ट नेताहरु जे जस्तो आचरण, व्यवहार र जीवनशैलीबाट गुज्रिएका छन्। तलका कार्यकर्ताहरु पनि त्यसैको अनुशरण गरिरहेका देखिन्छन्। यो जग जाहेर छ। नेपालका कम्युनिष्ट नेताहरुमा अहिले अकुत सम्पत्ति कमाउने होड चलेको छ। माथिल्ला तहका सबै नेताहरु करोडपति हुने कुरा त सामान्य बन्यो, उनीहरु अरबपति र खरबपति हुने दैडाहामा लागेका छन्। व्यक्तिगत सम्पन्नताको यो दौडमा राज्यका सबै संयन्त्रहरुको दुरुपयोग गर्ने र उक्त दुरुपयोगका अवरोधहरुलाई जनताका शत्रुका रुपमा चित्रित गर्दै तथानाम टर्रा शब्दहरुको प्रयोग गर्नमा माहिरता हासिल गरिरहेका छन्। माथिल्ला तहका नेताहरुले देखाएको सम्पन्नताको बाटो र उक्त कार्यमा देखिएका अवरोधहरु माथिको तीव्र आक्रमणलाई तल्ला तहका कार्यकर्ताले राम्ररी अनुशरण गरिरहेका छन्। उनीहरुको गलत आचरण, व्यवहार र जीवनशैलीको आलोचना गर्नेहरुका विरुद्ध अरिंगाल शैलीमा आक्रमक भएर प्रस्तुत हुनु उनीहरुको दिनचर्या बनेको छ। नेपालका कम्युनिष्टहरु फरक चरित्रका छन्। चिनिया राष्ट्रपतीले भनेका छन्- 'व्यक्तिगत सम्पत्ति हुने व्यक्ति कम्युनिष्ट हुन सक्दैन।' तर, नेपालमा करोडपती नभएको मानिस कम्युनिष्ट बन्न नसक्ने अवस्था तयार हुँदैछ। त्यसैले पनि होला, दुईतिहाईको कम्युनिष्ट सरकारका पालामा सबैभन्दा बढी भ्रष्टाचार भएको अनुभूति नागरिकहरुले गरिरहेका छन्।

सरकारमा सालिनता देखिएन भने आम नागरिकहरुको विश्वास खस्कन्छ। अगुवामा धैर्यता र सहनशिलता आवश्यक हुन्छ। अझ, अगुवाहरुमा अरुको अस्तित्वको सम्मान गर्ने आचरण प्रमुख भएर आउने गर्दछ। आलोचना सुन्ने र आलोचना ग्रहण गर्ने योग्यताले मात्र कुनै पनि नेता, शासक वा शासनको गरिमा बढ्ने गर्दछ। विभिन्न स्थान, समुदाय, जात, धर्म, वर्ग र पेशाका मानिसहरुले एउटै विषयमा पनि व्यक्तिगत रुपमा फरक धारणा बनाउनु स्वभाविकै हो। त्यो स्वभाविकतालाई सहजरुपमा ग्रहण गर्न सकिएन भने कुनै पनि शासक या नेता लोकप्रिय बन्न सक्दैन। अहिले हामी जे देखिरहेका छौं र जे भोगिरहेका छौं, यो ठिक उल्टो देखिन्छ। सरकार र सरकारमा रहेका दलका कार्यकर्ता र नेताहरुमा सहनशिलता शून्य देखिन थालेको छ। धैर्यता भन्ने चिज नै समाप्त हुँदैछ। आक्रमण र प्रतिआक्रमणमा उत्रिहाल्ने र जथाभावी शब्दको प्रयोग गर्ने बिषय प्रमुख भएर आउन थालेको छ। अरुको अस्तित्वलाई स्वीकार गर्ने चरित्र त कतै पनि देखिँदैन। अरु भनेका चरित्रहिन र यो मुलुकका लागि निकम्मा हुन र आफुमात्र सर्वश्रैष्ठ भन्ने भावना चौतर्फी देखिन थालेको छ। फरक विचारहरुलाई आफूमाथिको आक्रमण देख्ने र त्यसका विरुद्धमा प्रतिआक्रमणमा खन्निने आचरणमा अत्यधिक बृद्धि भइरहेको छ।

फेरि पनि सञ्चारमन्त्री बाँस्कोटा कै सन्दर्भ, संविधान दिवशको विदाका दिन के सबै मानिसहरु तास खेल्नका निम्ति, पिकनिक खानका निम्ति, वियर खानका निम्ति, गलफ्रेण्ड लिएर हिँड्नका निम्ति, ब्वाइफ्रेण्डलाई भेट्न तल्लिन हुने गर्दछन् ? के यो देशका अहिलेका शासकहरु मात्र सच्चरित्रवान र देशको लागि मरिमेट्ने पात्र हुन् ? अरु आमनागरिक, सरकारी र गैरसरकारी कर्मचारी सबै गलत बाटोमा हिँडेका छन् ? अर्थ न वर्थका यस्ता टर्रा शब्दको प्रयोगले कोही पनि ठूलो र असल बन्न सक्दैन। र, यस्ता टर्रा शब्दको प्रयोगले अरु कसैको मन जित्न पनि सकिँदैन। समयमै चेतना पलाओस्!

# मानसिक शान्ति कसरी प्राप्त हुन्छ ?



**रत्नबहादुर बस्नेत**

शान्ति बिना सुख सम्भव छैन। यो उक्ति ध्रुवसत्य हो। यसबाट सुखका लागि शान्ति अनिवार्य छ भन्ने स्पष्ट हुन्छ। सुख भन्नु नै आनन्द हो र शान्ति बराबर अर्को आनन्द पनि छैन। संसारमा प्रत्येक जीव सुखको खोजीमा छन्। आजको मानव सुख प्राप्तिको लागि अनेक चेष्टा गर्दैछ। तर, परिणाममा दुःखको दास बन्न बाध्य र विवश भइरहेको छ र विनासतर्फ उन्मुख बन्दै गएको छ। तापनि मानिस शान्ति प्राप्त गर्ने मार्गलाई बुझ्न र अपनाउन चाहँदैन। यो एउटा सोचनीय र संवेदनशील विषय हो।

परापूर्वकालमा विश्व आजको जस्तो भौतिक सम्पन्न र सुविधायुक्त थिएन तापनि हाम्रा पूर्वज पूर्खाहरुको जीवन सुखदायी र शान्तिपूर्ण नै थियो। तर, आजको विकसित अवस्थामा पनि आफ्नै मस्तिष्कको उपज र आविश्कार आनन्दको रुपमा खोजीमा उपयोग गर्न नसकी तिनको विवेचना गर्ने क्षमताको कमीबाट जीवन अशान्तपूर्ण र दुःखदायी बनेको छ। यसको मूलकारण र रहस्य आध्यात्मिकता र धर्मको कमी हुनु नै हो। जबसम्म मानिस आध्यात्मिक र धर्मलाई अपनाउँदैन भौतिकरुपले जतिसुकै सम्पन्न भए पनि न उसले मानसिक शान्ति प्राप्त गर्न सक्दछ, न त शाश्वत सुख र आनन्दको कल्पना नै गर्न सक्दछ। यहाँ हाम्रा साधनाशास्त्र एवम् नीति वचनहरुमा उल्लेखित र निर्देशित मानसिक शान्ति प्राप्त गर्ने उपायबारे चर्चा गरिन्छ।

**अध्ययन मनन्**

अध्ययन ज्ञान र शिक्षाको स्रोत मात्र नभई मानसिक शान्ति प्राप्त गर्ने सशक्त माध्यम पनि हो। कुनै पनि विषयवस्तुको अध्ययनबाट हाम्रो मन एकाग्र भई त्यसको ज्ञान र सत्यबोध हुन्छ। यसबाट सत्य बोध भई मानसिक शान्ति र सन्तुष्टिको अनुभूति हुन्छ। धर्म दर्शनमा अध्ययन वा शास्त्र अध्ययनलाई धर्मको मार्गको रुपमा संकेत गरिएको छ। अध्ययनको लक्ष्य जीवनयापनका आवश्यक ज्ञान र सीप हासिल गर्नु हो। यसका लागि अन्य विषयको साथै आध्यात्मिक विषयवस्तुको अध्ययन आवश्यकता पर्ने भएकाले शास्त्र वा वेदाध्यनलाई हिन्दूधर्मको विवाह पूर्वको एक संस्कार (वेदारम्भ संस्कार)को रुपमा लिइन्छ। आध्यात्मिक विषयको अध्ययनबाट ब्रम्हज्ञान र शाश्वत शान्ति प्राप्त भई मोक्ष प्राप्त हुन्छ।

अशान्त र असन्तुलित मनमा अनेक दुःखको जन्म हुने हुँदा सुखका लागि हाम्रो शान्त, स्वच्छ राख्न परमावश्यक छ। जसका निम्ति अध्ययन-साधनाको जरुरत पर्दछ। अध्यात्म-साधनामा नित्य स्वाध्यायको महत्वपूर्ण भूमिका रहेको पाइन्छ। तसर्थ, व्यवहारिक जीवनोपयोगी ज्ञान र सुख, शान्ति प्राप्तिको लागि धर्मग्रन्थ, आदर्श र उपयोगी पुस्तक, पत्रपत्रिका नियमित रुपमा अध्ययन-मनन् गर्नुपर्दछ। यसबाट जाग्रत अवस्था प्राप्त हुन्छ। भनिएको छ, शान्ति बाह्य वस्तुबाट प्राप्त हुँदैन। वास्तविक शान्तिका लागि आफैंभित्र पस्नुपर्दछ र आफ्नो अर्थात् 'स्व' को अध्ययन गर्नुपर्दछ।



**तप**

यज्ञ, दान जस्तै तप पनि धार्मिक क्षेत्रको प्रचलित र परिचित अनुष्ठान हो। तपको अर्थ हो- तपस्या। परमात्मा चिन्तनमा आफूलाई लगाइदिनु (समर्णपन गर्नु)। भनिन्छ त्याग पनि तपस्या नै हो। हाम्रो देशलाई नै प्राचीन ऋषिमुनीहरुको पवित्र तपोभूमि मानिन्छ। जीवनमा शान्ति र सुव्यवस्थाका लागि तप अति आवश्यक छ। तपको अर्थपूर्ण पालनाबाट कार्यसिद्धि र समृद्धि प्राप्त हुन्छ। समस्त मानसिक तथा विकारहरुको अन्त्य भई शाश्वत शान्ति प्राप्त हुन्छ। शास्त्रमा देवता, ब्राह्मण, गुरु, विद्वानहरुको पूजा (श्रद्धा, सत्कार), पवित्रता, सरलता, ब्रह्मचर्य र अहिंसालाई शरीरले गरिने तपस्या, मनलाई दिग्दार नगराउने, साँचो प्रिय र हितकारी वचन बोल्नु, स्वायाध्यलाई वाङ्मय अर्थात् बोलीले गरिने तपस्या भनिएको छ भने मन प्रशन्न राख्नु, सुशील हुनु मुनिहरु कै जस्तो चित्तवृति राख्नु, मन वशमा राख्नु, शुद्ध भावना लिनुलाई मानस अर्थात् मनले गरिने तपस्या भनिएको छ।

त्यस्तै कर्मफलको आशा वा आशक्ति नराखी सत्कर्म गर्नु सच्चा त्याग वा तपस्या हो। यसैबाट शक्ति प्राप्त परिणामलाई स्वीकारी सन्तोष मानेर थप थप प्रयास गर्न सक्षम हुन्छ र सदैव कर्मशील भई शाश्तत शान्ति मार्ग अपनाउने प्रेरणा प्राप्त गर्दछ। 'कर्म गर तर फलको आशा नगर' भन्ने गीताको मन्त्रको सार्थकता पनि यसैमा छ। गीतामा भनिएको छ- योग (समता) रहित अभ्यासभन्दा शास्त्रज्ञान श्रेष्ठ छ, योगरहित शास्त्रज्ञानभन्दा ध्यान श्रेष्ठ छ, योगरहित ध्यानभन्दा कर्मफल त्याग श्रेष्ठ छ किनभने कर्मफल त्यागबाट तुरुन्त शान्ति प्राप्त हुन्छ।

**लोभ त्याग**

भनिन्छ, चाँदीको गहना लगाउनेलाई सुनको गहना प्राप्त हुँदा खुशी लाग्छ। तर, सुनको गहना लगाउनेलाई सुनकै गहनाले केही हुन्न। यसरी जति जति वस्तुको प्राप्ति हुन्छ अझ त्यति प्राप्त गर्ने लोभ बढ्दछ। लोभको भकारी कहिल्यै भरिँदैन। लोभ अत्यन्तै हानिकारक दुर्गुण हो। जीवनमा सुख, शान्तिको चाहना गर्ने जोसुकैले यसलाई त्यागी लोभमुक्त बन्नु पहिलो तथा प्रमुख कर्तब्य हुन जान्छ। यसले अनेक दुःख र विपत्तिलाई निम्त्याउँछ। अनावश्यक लोभको परिणाम कसैको हितमा हुँदैन। लोभका कारण मानिसको ज्यानै समेत गुमेको उदाहरण नीति कथामा प्रशस्त पढ्न पाइन्छ। लोभको लाभ लामले विलाप भन्ने उखानै छ। लोभ बराबर अर्को पाप छैन। लोभ भएपछि दुःख पाउन अर्को पाप ( दोष) गरिरहन पर्दैन। जुन मानिस धनको लोभमा लिप्त हुन्छ उसको तृष्णा कहिल्यै तप्त हुँदैन। लोभ, मोह, अहंकारादि आन्तरिक विकारबाटै मानसिक शान्ति भंग हुने भएकाले महात्माहरुले यिनबाट सदा टाढा रहन उपदेश दिंदै आएका छन्। तसर्थ, सदासर्वदा लोभ त्याग गरी प्राप्त भोगमा सन्तुष्ट बनेर कर्तब्य गर्दै गएमा नै सुखमय र शान्तिपूर्ण जीवन व्यतीत गर्न सकिन्छ।

**मन र इन्द्रीय वशमा राख्नु**

शान्ति बाह्य वस्तु वा कुराबाट नभई मनको नियन्त्रणबाट प्राप्त हुने तत्व हो। धनसम्पत्ति वा आर्थिक कार्यबाट पनि शान्ति प्राप्त हुँदैन। धनसम्पत्ति अभाव हटाउन र धर्म पुण्यका लागि आवश्यक छ, जसले शान्ति तर्फ औल्याई मात्र दिन्छन्। मनको नियन्त्रणका लागि पहिले इन्द्रीयहरुलाई संयममा राख्न अपरिहार्य छ। इन्द्रीयलाई अश्वको उपमा दिइएको छ। जसरी रथलाई निर्दिष्ट स्थानमा पुर्‍याउन अश्वको नियन्त्रण आवश्यक छ, त्यसरी नै निश्चित लक्ष्यमा पुग्न हामीलाई हाम्रा इन्द्रीयहरु वशमा राख्न परमावश्यक छ। यिनै इन्द्रीयहरुलाई आत्मानुशासन राखी आत्मकल्याणका विरुद्ध जान नदिनु नै इन्द्रीय संयम हो। यसैबाट मन शान्त बन्दछ।

मानसिक वेग नियन्त्रण बिना सुख, शान्ति पाउन सकिँदैन। समस्त धार्मिक तथा आध्यात्मिक अनुष्ठानहरुको पहिलो उद्देश्य पनि मन नियन्त्रण गर्नु नै हो। मन पूर्णरुपले नियन्त्रणमा राख्न अत्यन्त कठीन छ । मन नियन्त्रणमा राख्न चाहनेले तृष्णाबाट मुक्त रहनु पर्छ। तृष्णा अग्निको तीव्र ज्वाला सरह हो। व्यक्ति तृष्णाबाट यसरी नै टाढा रहनु पर्दछ। जसरी सुकेको परालको भारी बोक्ने मानिस आगोको झिल्कोबाट अलग रहन्छ। तर, सुन्दरताप्रति आकर्षित हुने डरले आँखा चिम्लुनालाई चाहिँ मूर्खता मानिन्छ। स्वयम् शास्त्र भन्दछ- जतिसुकै अध्ययन मनन गरेता पनि तबसम्म शान्ति लाभ हुँदैन जबसम्म इन्द्रीय र मन वशमा हुँदैन। मनमा वासना रहेसम्म चित्त शान्त पनि हुँदैन। अतः आफ्नो मन र इन्द्रीयलाई अधिनमा राखेर भगवानमा समर्पित भई आफ्नो स्थान र अवस्था निःस्वार्थ कर्म व्यक्ति शान्तिमा विलिन हुन सक्दछ।

# मेचीनगरमा डेंगु संक्रमित बढ्दै

**मेचीनगर, भदौ १२।** असार महिनाको शुरुमै मेचीनगरमा दुई जनामा देखिएको डेंगु ज्वरो अहिले एक सयभन्दा बढीमा देखिएको छ ।

मेचीनगर-९ स्थित खुट्टीडाँगी दुर्गा टोलमा आमा छोरामा देखिएको डेंगु हाल सबैभन्दा बढी मेचीनगर-६ मा देखिएको हो । मेचीनगर नगरपालिका नगर स्वास्थ्य शाखाका अनुसार उक्त वडामा कम्तिमा ५० भन्दा बढी डेंगुका रोगी रहेका छन् । उक्त वडामा घरपिच्छै डेंगुका रोगी रहेको स्वास्थ्य शाखाले जनाएको छ ।

मेचीनगरको चारआली र धुलाबारी डेंगुको उच्च जोखिममा थियो । स्वास्थ्य शाखाले नगरमा डेंगु रोग नियन्त्रणका लागि लामखुट्टेको बासस्थान खोजी नष्ट गर्ने अभियानमा शुरु गरेपछि १३ नम्बर वडाको चारआलीमा अत्यधिकरुपमा रहेका ग्यारेज तथा टायर रिसोलिङ गर्ने ठाउँमा प्रश्स्त लामखुट्टेका लार्भा फेला परेको कारण चारआली डेंगुको उच्च जोखिममा रहेको स्वास्थ्य शाखाकी संयोजक शशीकला राईको भनाई छ ।

स्वास्थ्य शाखाले यसको संक्रमणबाट बच्न सर्वसाधारण समेत सचेत हुनुपर्ने भएकाले त्यसतर्फ लाग्न नगरवासीमा आग्रह गरेको छ । नगरपालिकाले धुलावारी प्राथमिक स्वास्थ्य केन्द्र, काँकरभिट्टा स्वास्थ्य चौकीमा समेत डेंगु परीक्षण गर्ने कीट उपलब्ध गराएको छ ।

मेचीनगरमा संक्रमण दर बढेपछि यसको नियन्त्रणका लागि नगरपालिकाले स्वास्थ्य



शाखासहित स्वास्थ्यकर्मीहरुको सम्पूर्ण शक्ति परिचालन गरेको थियो । डेंगु संक्रमित फेला परे लगत्तै नगरपालिकाले डेंगु रोग नियन्त्रणका लागि लामखुट्टेको बासस्थान खोजी नष्ट गर्ने अभियानलाई शाखाले तीव्र पारेको छ । त्यस्तै चेतनामूलक पर्चा-पम्प्लेट वितरण, माइकिङ तथा रेडियो टेलिभिजनमार्फत चेतनामूलक सूचना प्रशारण गरिरहेको स्वास्थ्य शाखाका सहसंयोजक रामनारायण यादवको भनाई छ । संयोजक राईका अनुसार सहरमा बसोबास गर्ने सर्वसाधारणले आफ्नै घर परिसरमा मात्रै पनि सरसफाईमा ध्यान दिने हो भने रोग संक्रमणको जोखिम आधा नै कम हुन्छ ।

एसी, फ्रिज, फूलका गमला, गाडीका पुराना टायर जस्ता वस्तुमा पाँच दिनभन्दा बढी पानी जम्नासाथ डेंगु सार्ने एडिस एजिप्टाई जातको लामखुट्टे मौलाउँछ । त्यसबाहेक जथाभावी फोहर फाल्दा सँगै मिल्काइने प्लाष्टिकका बट्टाहरु, प्लाष्टिकका गिलास तथा अन्य भाँडावर्तनहरुमा ज्यादै थोरै परिमाणमा जम्ने पानीमा पनि यो लामखुट्टेले फूल पार्ने उनको भनाई छ । नगरमा डेंगु संक्रमित बढेपछि नगरप्रमुख विमल आचार्यले प्रत्येक वडाका जनप्रतिनिधिहरुलाई आ-आफ्नो वडाको पछिल्लो अवस्थाका बारेमा जानकारी गराउन पत्रचार गरेको बताइएको छ ।

वडाबाट प्राप्त प्रतिवेदन अनुसार नगरले थप काम गर्ने शाखाले जनाएको छ । डेंगु रोग नियन्त्रणका लागि लामखुट्टेको बासस्थान खोजी नष्ट गर्ने अभियानसहित अन्य काम गरिरहेको हुँदा यस काममा सहयोग गर्न जनप्रतिनिधि, आमा समूह, टोल विकास संस्थाका प्रमुख प्रतिनिधिहरुलाई नगरपालिकाले आग्रह गरेको छ ।

आफ्ना घरवरिपरी लामखुट्टे मार्ने औषधि छरे, शरीर पूरै ढाग्ने कपडा लगाए, झुल लगाएर सुत्ने गरे, लामखुट्टे भगाउने धुप प्रयोग गरे, सरसफाईमा विशेष ध्यान दिएर पानी जम्मा गर्ने भाडाकुडामा कम्तिमा हप्तामा एकपटक सफा गरे, घर वरिपरि पानी जम्ने खाल्डाखुल्डी पुरेडेंगुबाट बच्न सकिने स्वास्थ्यकर्मीहरुको भनाई छ ।

डेंगुका विरामीमा ज्वरो आउने, टाउको दुख्ने, आँखाको गेडी दुख्ने, जिउ दुख्ने, शरीरमा विमिरा आउने, वाक-वाकी लाग्ने, नाकबाट रगत आउने, दिसा कालो आउने जस्ता लक्षण देखापर्ने हुँदा यस्तो लक्षण देखा परे स्वास्थ्य केन्द्र जान समेत स्वास्थ्यकर्मीले सल्लाह दिएका छन् । संक्रमितले चिकित्सकको सल्लाह अनुसार मात्रै औषधि लिने, प्रशस्त आराम गर्ने, झोल खानेकुरा खाने गर्नुपर्ने उनीहरुको सुझाव छ ।

# कनकाई नगरलाई शैक्षिक हब बनाइने

**सुरुङ्गा, भदौ १२।** कनकाई नगरपालिकाले कनकाई नगरलाई शैक्षिक गन्तव्य बनाउने कार्ययोजना अघि सारेको छ ।

कनकाई नगरपालिकाको आयोजनामा भएको अन्तरक्रिया कार्यक्रममा यस्तो योजना अघि सारेको हो । कार्यक्रमका सहभागीले नगरलाई शैक्षिक गन्तव्य बनाउन र सेवा क्षेत्रभित्रका विद्यार्थीहरुलाई नगरभित्रै गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्न अभिभावक, शिक्षक, शिक्षासेवी, बुद्धिजीवी, जनप्रतिनिधि सबै सरोकारवालाले योजनाबद्ध रुपमा क्रियाशील हुन जरुरी रहेकोमा जोड दिए । अभिभावकको सबैभन्दा आकर्षण रहेको अंग्रेजी माध्यमबाट पठनपाठन गर्न र प्राविधिक शिक्षाको व्यवस्था गर्न सके नगरभित्रका विद्यार्थीलाई बाहिर जानुपर्ने बाध्यताबाट मुक्ति मिल्ने सबैको समान धारणा थियो ।

कार्यक्रममा फरक क्षेत्रका अब्बल नमुना विद्यालयहरुको विकास गर्न, स्थानीय विषयको रुपमा वन तथा तरकारी खेतीसँग सम्बन्धित पाठ्यक्रमको विकास गरी लागू गर्न, विद्यालयभित्र र समुदायमा व्यवस्थित पुस्तकालय तथा वाचनालयको स्थापना गरी पठन संस्कृतिको विकास गर्न, सामुदायिक र संस्थागत विद्यालयको उद्देश्य साझा रहेकाले दुवै प्रकारका विद्यालयको सुमधुर सम्बन्ध कायम गर्न, कक्षाकोठाभित्र सूचना प्रविधिको पहुँच विस्तार गर्न, विद्यार्थीलाई समयसापेक्ष व्यावहारिक शिक्षा प्रदान गर्न सुझाव प्रस्तुत गरिएका थिए । त्यसैगरी, सहभागीहरुले सबै जातजातिको धर्म, संस्कृति र संस्कारको संरक्षण र विकास गर्न एक आपसी रुपमा जातिबीच सौहार्द र सहिष्णु सम्बन्ध अभिवृद्धि गर्न शिक्षाको उद्देश्य अनुरुप शिक्षा दिनुपर्नेमा जोड दिएका थिए ।

कार्यक्रममा कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेलले स्थानीय तहको निर्वाचनमा घोषणापत्रमा कनकाई नगरलाई शैक्षिक गन्तव्य बनाउने प्रतिबद्धता अनुरुप काम गर्न नगरपालिका तयार रहेको र यसका लागि नगरभित्रका शिक्षा क्षेत्रमा काम गरिरहेका सबै विद्वान-बुद्धिजीवीले आफ्नो योगदान दिन अपिल गरे । पोखरेलले कसैप्रति आग्रह नराखी समग्र नगरभित्र रहेका विद्यालयहरुलाई सुधार गर्न र कनकाई नगर बन्द निषेधित शान्तिक्षेत्र भएकाले मुलुककै शैक्षिक गन्तव्यको रुपमा विकास गर्न सकिने प्रचुर सम्भावना रहेकोमा जोड दिएका थिए । नगरलाई शैक्षिक गन्तव्य बनाउन सुझाव पेश गर्ने उद्देश्यले गठन गरिएको समितिको आयोजनामा भएको थियो ।

शिक्षासेवी सहप्राध्यापक कोमलप्रसाद पोखरेलको अध्यक्षतामा गठित समितिका सदस्यहरुमा नवयुग शिक्षा निकेतन दुर्गापुरका प्राचार्य अखिलकुमार कोइराला, कनकाई नगरपालिका शिक्षा तथा सामाजिक समितिका संयोजक नबलकिशोर दत्त, शिक्षा, युवा तथा खेलकुद शाखाका अधिकृत हरिप्रसाद मिश्र र चम्पापुर माविका सहायक प्रधानाधयापक रुद्रबहादुर थापा रहेका छन् । शैक्षिक केन्द्रको रुपमा नगरलाई विकास गर्न समितिले आर्थिक, भौतिक, शैक्षिक र व्यवस्थापकीय क्षेत्रमा गर्नुपर्ने र गर्न सकिने विषयमा सुझाव माग गरे अनुरुप कार्यक्रमको आयोजना गरिएको दुर्गापुर स्रोत केन्द्रका पूर्व स्रोतव्यक्ति मेदनीप्रसाद पाठकले जानकारी दिए ।

समितिका अध्यक्ष कोमलप्रसाद पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा शिक्षाकर्मी चन्द्रप्रसाद मैनाली, कनकाई माविका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जनार्दन उप्रेती, पूर्व प्रधानाध्यापक निर्मलकुमार खतिवडा, प्रधानाध्यापक कर्णबहादुर डाँगी, भृकुटी मावि दुर्गापुरका प्रधानाध्यापक अञ्जना सिटौला, हिमाली मावि लक्ष्मीपुरका प्रधानाध्यापक केशवप्रसाद ओझा, नेपाल शिक्षक महासंघ कनकाई नगर अध्यक्ष शारदा पाठक, सचिव निर्मलकुमार खनाल, आदर्श विद्यामन्दिर मावि घैलाडुब्बाका विद्यालय व्यवस्थापक समितिका अध्यक्ष धनराज राजवंशी, अभिभावक कवि प्रसाई, शिक्षकहरु गोपीकृष्ण भट्टराई, तीर्थराज खरेल, पूर्णबहादुर कटुवाल, योन्देन सुनुवार, मुक्तिनाथ दाहाल, भीमप्रसाद दहाल लगायतले मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन शिक्षा, युवा तथा खेलकुद शाखाका अधिकृत हरिप्रसाद मिश्रले गरेका थिए ।

# साफ यू-१५ को फाइनलमा नेपाल



**झापा, भदौ १२।** नेपाल साफ यू-१५ च्याम्पियनसीप फुटबलको फाइनलमा प्रवेश गरेको छ ।

भारतको कल्याणी रंगशालामा बिहीबार भएको खेलमा भुटानलाई ६-० ले पराजित गर्दै नेपाल फाइनलमा प्रवेश गरेको हो । राउन रोविनको आधारमा जारी प्रतियोगिताको शीर्ष दुई टिम फाइनलमा प्रवेश गर्ने छन् । नेपाल अन्तिम खेलमा जीत हात पारेसँगै फाइनलमा पुगेको छ ।

नेपाललाई जीत दिलाउन कप्तान प्रदीप लम्सालले २ गोल गरे । त्यस्तै, असिम राई, क्रिस सापकोटा, सुगम जिमी र निराजन खत्रीले समान १-१ गोल गरे। खेलको शुरुवातबाटै दबाब सृजना गरेको नेपालले खेलको पाँचौं मिनेटमा अग्रता बनायो । पेनाल्टीको अवसरलाई लम्सालले जाली चुमाउँदै शुरुवाती अग्रता दिलाएका थिए ।

खेलमा अग्रता बनाएको ४ मिनेट नबित्दै निराजनले टिमका लागि दोश्रो गोल गरे । पहिलो हाफमा २-० ले पछि परेको भुटानले दोश्रो हाफमा थप ४ गोल व्यहोऱ्यो ।

खेलको ४८औं मिनेटमा लम्सालले व्यक्तिगत दोश्रो गोल गरे । असिमले खेलको ७५औं मिनेटमा गोल गरेपछि नेपालले अग्रता ४-० बनाएको थियो । खेलको ८५औं मिनेटमा क्रिसले गोल गरे । इञ्जुरी समयमा सुगम जिमीले हेडरमार्फत जाली चुमाएपछि ६-० गोल अन्तरको फराकिलो जित निकाल्दै फाइनलमा पुगेको टिम मेनेजर निरोज खड्गीले बताए ।हेड टु हेडको नतिजामा नेपाल दोश्रो स्थानमा छ । भारत शुरुवाती ३ वटै खेल जितेर फाइनलमा स्थान बनाइसकेको छ ।

यू-१५ को यसअघिका सबै ५ संस्करणमा भाग लिएको नेपालले अहिलेसम्म उपाधि जित्न सकेको छै न । सन् २०१३ को दोश्रो संस्करणमा १-० ले भारतसँग पराजित बनेको नेपाली टोली २०१७ को चौथो संस्करणमा २-१ गोल अन्तरले पुनः भारतसँग पराजित भयो ।

# संकल्प प्रस्ताव कार्यान्वयन भएन

**झापा, भदौ १२।** महिला हिंसाविरुद्ध संसदबाट पारित संकल्प प्रस्ताव स्वीकृत भएको एक वर्ष हुँदा समेत त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

वि.सं. २०७५ भदौ ८ गते बसेको संघीय संसद, प्रतिनिधिसभाको बैठकबाट सांसद बिन्दा पाण्डेद्वारा प्रस्तुत गरिएको संकल्प प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत भए पनि महिला हिंसाका घटनामा कमी आउन सकेको छैन । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले महिला हिंसा अन्त्यका सम्बन्धमा केही काम गरे पनि अन्य सम्बन्धित मन्त्रालयले भने त्यसबारे कुनै चासो देखाएका छैनन् ।

संकल्प प्रस्तावका प्रस्तावक समेत रहेकी सांसद पाण्डेले महिला हिंसा लगायतका त्रुटिपूर्ण सामाजिक मान्यताविरुद्ध र समानता तथा सामाजिक न्यायको पक्षमा विद्यालय तहका पाठ्यक्रम परिवर्तन गर्ने क्रममा समावेश गरी शिक्षा दिने व्यवस्था मिलाउन सरकारलाई निर्देशन दिएको वर्ष दिन हुँदा समेत कार्यान्वयन नभएको बताइन् ।

सो संकल्प प्रस्तावनामा महिलामाथि देशव्यापीरुपमा भएको सबै प्रकारका हिंसा, शोषण, विभेदविरुद्ध हामी जनप्रतिनिधि पुनः एकपटक एकताबद्ध भई अभियानमा लाग्ने संकल्प गरौं, संविधान र कानूनले प्रबद्ध गरेका हकअधिकारका विषयमा र महिलामाथि हुने सबै प्रकारका हिंसा, शोषण विभेदकाविरुद्ध सरकारले व्यापक जनचेतना अभियान देशव्यापीरुपमा सञ्चालन गर्न सरकारलाई निर्देशन गर्दछ- भनिएको छ ।

सांसद पाण्डेले महिला हिंसा अन्त्यका सवालमा मन्त्रालयले गरेको ठोस कामका बारेमा विवरण उपलब्ध गराउन समेत माग गरिन् । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सहसचिव रुद्रादेवी शर्माले अदालतको आदेश र कोष सञ्चालन समितिको निर्णय बमोजिम एक वर्षभित्रमा एसिड आक्रमणबाट पीडित जेनी खड्का लगायत कूल ३१ जना पीडित महिलालाई लैङ्गिक हिंसा निवारण कोषबाट रु. ३२ लाख ३६ हजार क्षतिपूर्ति उपलब्ध गराइसकेको जानकारी दिइन् ।

प्रतिनिधिसभा, कानून, न्याय तथा मानव अधिकार समितिका सभापति तथा संकल्प प्रस्तावका समर्थक कृष्णभक्त पोखरेलले महिला हिंसा अन्त्य सम्बन्धमा संकल्प प्रस्ताव स्वीकृत भइसकेपछि पनि महिलालाई हेर्ने दृष्टिकोण विभेदकारी नै भएको भन्दै कार्यान्वयनका लागि जोड दिइन् ।

संकल्प प्रस्तावमा महिलामाथि हुने हिंसा, शोषण, विभेद गर्ने अपराधीलाई तत्काल पक्राउ गरी कडाभन्दा कडा कारवाही गर्न र पीडितको उपचार, क्षतिपूर्ति एवम् सामाजिक पुनःस्थापनाका लागि यथोचित व्यवस्था गर्न समेत सरकारलाई निर्देशन गरौं -भनिएको छ ।

सो संकल्प प्रस्तावको कार्यान्वयनको अवस्था सम्बन्धमा प्रतिनिधि सभा, महिला तथा सामाजिक समितिले समेत छलफल अगाडि बढाएको छ । समितिका सभापति निरुदेवी पालले संकल्प प्रस्तावको एक वर्षको कार्यान्वयनको अवस्था र परिणामबारे मन्त्रालयसँग माग गरिन् । सांसद रेखा शर्माले संकल्प प्रस्तावका आधारमा सम्बन्धित मन्त्रालयले सक्रियताका साथ परिणाम आउने गरी काम गर्नुपर्ने बताइन् ।

उक्त संकल्प प्रस्तावको कार्यान्वयनका लागि कार्यान्वयन कार्ययोजना महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको २०७५ पुस ६ को निर्णयले कार्यान्वयनका लागि मन्त्रीको संयोजकत्वमा निर्देशक समिति र सचिवको संयोजकत्वमा कार्यान्वयन तथा समन्वयन समिति रहने व्यवस्था गरिएको छ ।

# भाइरल ज्वरोका कारण विद्यालय बन्द

**भोजपुर, भदौ १२।** भोजपुरमा भाइरल ज्वरोले विद्यालयका दुई सय दुई जना विद्यार्थी एकैपटक बिरामी परेपछि विद्यालय नै बन्द गरिएको छ ।

भोजपुरको षडानन्द नगरपालिका दिङ्लामा रहेको अरुण माध्यमिक विद्यालयमा कक्षा १ देखि १२ सम्मका कक्षा मङ्गलबारदेखि ४ दिनका लागि बन्द गरिएको विद्यालयका सहायक प्रधानाध्याक श्रीकृष्ण बोगटीले जानकारी दिए ।

यसबाहेक स्थानीय षडानन्द माध्यमिक विद्यालय, न्यू समिट बोर्डिङ स्कूल र सनराइज बोर्डिङ स्कूलका विद्यार्थीमा समेत ज्वरोको असर देखिएको छ । भाइरलले विद्यार्थी एकपछि अर्को गर्दै बिरामी हुन थालेपछि पठनपाठन बन्द गर्नुपर्ने बाध्यता भएको सहायक प्रधानाध्यापक बोगटीको भनाइ छ ।

विद्यालयामा केही दिन अघिदेखि शुरु भएको भाइरल ज्वरोले विद्यार्थीसँगै स्थानीयबासीलाई ग्रसित बनाएको छ ।

दैनिकजसो प्राथमिक स्वास्थ्य केन्द्रमा ५० देखि ६० जना र अन्य स्वास्थ्य चौकीमा ३० देखि ४० जना भाइरलका बिरामी आउने गरेको नगरपालिकाका स्वास्थ्य संयोजक सुन्दर श्रेष्ठले जानकारी दिए । उनका अनुसार गम्भीर किसिमका बिरामीलाई त्यहाँबाट तुम्लिङटार, धरान, विराटनगर पठाइएको छ ।

भाइरल ज्वरोबाट दिङ्लाका अन्य तीन विद्यालयका विद्यार्थी समेत बिरामी भएको विद्यालयले जनाएको छ । मौसम परिवर्तनसँगै जिल्ला अस्पतालमा दैनिक १५ जनासम्म भाइरलका बिरामीले बहिरङ्ग सेवा लिइरहेको अस्पतालले जनाएको छ ।

दुषित खानेपानी, बदलिँदो मौसम र खानपानमा राम्रो ध्यान नदिँदा भाइरलको बिरामी आउने गरेको जिल्ला अस्पताल भोजपुरका डा. शिवजी रिजालले बताए ।


सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।





# सरकारी छाप कीर्ते गर्ने राजवंशी पक्राउ

**झापा, भदौ १२।** सरकारी छाप कीर्ते गरी कैद र जरिवाना तोकिएका एक फरार अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ ।

तीन वर्षअघि सरकारी छाप कीर्ते मुद्दामा जिल्ला अदालतबाट एक वर्ष कैद र रु. ५० हजार जरिवाना तोकिएका भद्रपुर-७ का कमिचन राजवंशीलाई प्रहरीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी प्रहरी निरीक्षक मोहन थापाले जानकारी दिए ।

सरकारी छाप कीर्ते गरेको अभियोगमा जिल्ला अदालत झापाले राजवंशीलाई वि.सं. २०७३ चैत २२ गते एक वर्ष कैद र रु. ५० हजार जरिवाना तोकेको थियो ।


## प्याकेजिङ्ग हेल्पर, मेसन, प्लम्बर र सेक्युरिटी गार्डमा २१ दिनमा दुबई पुग्ने सुवर्ण अवसर

कम्पनी : BAKEMART L. L. C. शहर : DUBAI

पूर्व स्वीकृति मितिः २०७६/०३/१८ चलानी नं. ६०१४१४३९ लट नं. २२१७७९

| पद | संख्या | तलब |  | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|---|
|  |  | AED | NR |  |  |  |  |
| Packing Helper | ८० (पुरुष) | ८००/- | २३,८२५/- | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |

यसको फाइनल अन्तरवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट यही भदौ १३ गते शुक्रबारका दिन बिर्तामोडमा हुनेछ ।

नोटः मेसन र प्लम्बरको सेलेरी ९ घण्टा २६ दिनको १२०० DHS+OT को एग्रीमेन्ट गरिने छ । म्यागनम सेक्युरिटी कम्पनीबाट ५० जना सिभिल सेक्युरिटी गार्ड तलब १२ घण्टा २८ दिनको १९३० DHS+OT।

श्रम इजाजत नं. ३९६/०६०/०६१

सगुन ओभरसिज सर्भिसेज प्रा.लि. (

पो.ब.नं. ३२३, डिल्लीबजार, कालिस्थान-३२ (फोनः ९८०८०७४५९८, ९८०३०७४४३९)



## रेडिमेड झ्याल, ढोका र स्टील रेलिङ्ग पाउने ठाउँ

बाथरुमका ग्यारेन्टेड ढोका, भित्री 25 mm, 32mmका पेन्टेड, डिजिटल ढोकाहरु, खिया नलाग्ने भित्रि सिंढी र बरन्डाको स्टील रेलिङ, आल्मुनियमका झ्याल, Office Partision, फल्स सिलिङ्ग बनाउनु परेमा सँधै सम्पर्क गर्नुहोला ।

गणपति स्टील एण्ड आल्मुनियम हाउस

सुरुङ्गा, बिर्तामोड (भगवान चौक) र गरामनी

मो. ९८१६००६३७३, ९८१४०५२६०१


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| चन्द्रप्रसाद ताजपुरिया | पाँचगाछी-४ | ७६ | ०-१५-० | इन्दुलाल ताजपुरिया<br>इन्द्रलाल राजवंशी |
| देवी दत्त घिमिरे | गरामनी-९ | ९५<br>७१० | ४२००.००<br>७०५.०० | जित बा. राई |
| मानकुमारी राई | गौरीगञ्ज-८ | ११० | ०२९३०.०० | सिधा माझी विद्या माझी |
| मानकुमारी राई | गौरीगञ्ज-८ | १६३ | ७४६०.०० | बुधलाल माझी/बुधलाल रा.व. |
| मानकुमारी राई | गौरीगञ्ज-८ | १६७ | ४३२०.०० | बुधलाल माझी |
| मानकुमारी राई | गौरीगञ्ज-८ | ५१८ | ४६५.०० | हुसेन वक्स माया |
| मानकुमारी राई | गौरीगञ्ज-८ | ३६४ | ०१९७०.०० | कु.सिंह /कुमर सिं सरवारिया |
| मानकुमारी राई | गौरीगञ्ज-८ | ३७३ | ५५२५.०० | डोमनलाल राजवंशी |
| मानकुमारी राई | गौरीगञ्ज-८ | ५२३ | ५९५.०० | बाल सखरिया |
| मानकुमारी राई | गौरीगञ्ज-८ | ५१५ | ४६५.०० | सु. बहादुर राई |

## नेपाल औषधि व्यवसायी संघ
मेची अञ्चल शाखाको

## प्रथम जिल्ला शाखा अधिवेशन सम्बन्धी जरुरी सूचना

यही मिति २०७६ साल भाद्र २७ गते शुक्रबार नेपाल औषधि व्यवसायी संघ झापा जिल्ला शाखाको प्रथम अधिवेशन निम्न समय र स्थानमा सम्पन्न हुने भएकाले यसै सूचनालाई आधारमानी सम्पूर्ण सदस्यहरुलाई अनिवार्य उपस्थितिका लागि अनुरोध गरिन्छ ।

**मितिः-** २०७६ भाद्र २७ गते शुक्रबार
**समयः-** बिहान १० बजे ।
**स्थानः-** रोयल पार्टी प्यालेस
दमक- ५ ट्राफिक कार्यालयको छेउमा

**कार्यक्रम**

(१) २०७६/०५/२७ गते बिहान ८.०० बजेदेखि रजिष्ट्रेशन दर्ता ।
(२) २०७६/०५/२७ गते बिहान ८.०० बजेदेखि ९.३० बजेसम्म नास्ता ।
(३) २०७६/०५/२७ गते दिउँसो १०.०० बजेदेखि १२.०० बजेसम्म खुल्ला सत्र ।
४) २०७६/०५/२७ गते दिउँसो १.०० बजेदेखि बन्दसत्र तथा निर्वाचन कार्यक्रम ।

नोटः अधिवेशनको रजिष्ट्रेन बापत रु. ५००/- (पाँच सय) मतदानको लागि संघको सदस्यता परिचय पत्र अथवा पान नं.को फोटोकपि मध्ये कुनै एक अनिवार्य लिएर आउनु होला, अन्यथा मतदानमा सहभागी हुन पाइने छैन ।

बासुदेव दुलाल
महासचिव
ने. औ. व्य. संघ मेची शाखा

# नयाँ गाडीले शान्ति सुरक्षामा सहज



**भद्रपुर, भदौ १२।** नेपाल प्रहरी संगठनले भारतको सीमावर्ती नाकासँग जोडिएको वडा प्रहरी कार्यालय भद्रपुर र इलाका प्रहरी कार्यालय काँकरभिट्टालाई नयाँ गाडी प्रदान गरेको छ ।

झापाको मुख्यनाका काँकरभिट्टा र भद्रपुर भएकाले हाल भएको गाडी जीर्ण अवस्थामा रहेकोले विभागले नयाँ गाडी पठाइदिएको प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए । नयाँ गाडी आएपछि सीमाक्षेत्रको शान्ति-सुरक्षामा थप सहयोग पुग्ने उनले बताए ।

वडा प्रहरी कार्यालय भद्रपुरमा रहेको गाडी कामै नलाग्ने अवस्थामा पुगिसकेको बताइएको छ । २०६४ को निर्वाचनमा वडा प्रहरी भद्रपुरलाई प्रहरी संगठनले नयाँ गाडी पठाएको भए पनि प्रहरी कार्यालय झापाले नयाँ गाडी आफ्नै कार्यालयमा राखेर सोही कार्यालयमा रहेको पुरानो गाडी भद्रपुरलाई पठाएको थियो । पुरानो गाडी भद्रपुरलाई पठाएपछि उक्त गाडी जीर्ण हुनुका साथै त्यसका पाटपुर्जा समेत नपाउने भएकाले महिनामा कम्तिमा १० दिन गाडी बिग्रीएर थन्किन्थ्यो ।

'बल्ल भद्रपुरमा नयाँ गाडी विभागले नै पठाइदिएको छ' -वडा प्रहरी कार्यालय भद्रपुरका प्रहरी निरीक्षक यमकुमार श्रेष्ठले भने- 'अब नगरको शान्ति सुरक्षामा थप सहयोग पुग्ने भयो, पुरानो गाडी बिग्रँदा गस्तीमा हिँड्ने प्रहरीलाई समस्या हुन्थ्यो, कुन बेला गाडी बिग्रीन्थ्यो थाहा नै नहुने ।' गत आर्थिक बर्षमा वडालाई दुईवटा नयाँ मोटरसाइकल पनि उपल्बध भएको उनले बताए ।

# वृद्धवृद्धालाई सम्मान

**बिर्तामोड, भदौ १२।** पराजुली समाज नेपाल बिर्तामोड नगर समितिले एक कार्यक्रमकाबीच वृद्धवृद्धालाई सम्मान गरेको छ ।

समाजले परोपकार तथा अनुसन्धानमा केन्द्रद्वारा सञ्चालित वृद्धाआश्रममा रहेका ३० जनाभन्दा बढी वृद्धवृद्धाहरुलाई सम्मान गरेको हो । बाबुको मुख हेर्ने दिनका रुपमा रहेको कुशे औंशी तथा तीजको अवसर पारेर वृद्धाश्रममा रहेका वृद्धवृद्धाहरुलाई खानेकुरा खुवाउनुका साथै फलफूल वितरण गरेर सम्मान गरेको समाजका सचिव नारायणप्रसाद पराजुलीले जानकारी दिए ।

ज्येष्ठ नागरिक भनेका ज्युँदा देवता भएकाले उनीहरुलाई सदैव सम्मान गर्नु कर्तव्य रहेको भन्दै समाजले पहिलो पटक उक्त कार्यक्रम गरिएको उनले बताए । पराजुली समाज नेपाल बिर्तामोड नगर समितिका अध्यक्ष गणेशप्रसाद पराजुलीको अध्यक्षता तथा समाजका झापा उपाध्यक्ष काशीनाथ पराजुलीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कुन्ता पराजुलीले स्वागत गरेकी थिइन् ।

कार्यक्रममा धनकुमारी पराजुली, प्रकाश पराजुली, प्रतिक्षा पराजुली लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन समाजका बिर्तामोड सचिव नारायणप्रसाद पराजुलीले गरेका थिए ।

सन्दर्भ : १५३औं मोती जयन्ती

# बहुमुखी प्रतिभाका धनी मोतीराम



**कोमलप्रसाद पोखरेल**

आज १५३औं मोती जयन्ती । नेपाली साहित्यका बहुमुखी प्रतिभाका धनी हुन्- मोतीराम भट्ट । मूलतः उनका व्यक्तित्वलाई निम्नलिखित शीर्षकहरूमा समेट्न सकिन्छ :

**समालोचक, जीवनीकार तथा अन्वेषक**

मोतीराम भट्ट नेपाली साहित्यजगत्का पहिला जीवनीलेखक हुन् । १९४८ सालमा भट्टले भानुभक्त आचार्यको जीवनी लेखेका हुन् । नेपाली साहित्यका आदि समालोचक पनि मोतीराम भट्ट नै हुन् । यिनले र्सवप्रथम भानुभक्तको रचनाको समालोचना गरी नेपाली साहित्यमा समालोचनाको आरम्भ गरेका थिए । मोतिराम भट्टले भानुभक्तको जीवन चरित्रमा खाली जीवनी मात्र प्रस्तुत नगरी उनको कवित्व शक्तिको समेत समालोचना गरेका छन् । त्यसै कृतिमा मोतीरामले भानुभक्तलाई आदरस्वरूप आदिकविको नामाङ्कन पनि गरेका छन् ।

मोतीराम भट्ट नेपाली साहित्यका प्रथम अन्वेषक पनि हुन् । उनले नै भानुभक्तको बालकाण्ड रामायण फेला पारे । १७ वर्षको उमेर पार गरिसकेपछि उनी प्रायः भानुभक्तीय निष्ठामा एकोहोरो भएर लागे । त्यसै बेलादेखि उनले भानुभक्तसम्बन्धी जीवनी लेखे, पाण्डुलिपि खोजे । मोतीरामले नै भानुभक्तका वधूशिक्षा, भक्तमाला, प्रश्नोत्तर र रामगीतालाई प्रकाशनमा ल्याएका थिए । यिनले भानुभक्तको अत्यन्तै गहिरिएर खोजिनीति गरे । भानुभक्तका अतिरिक्त यिनले बिहारीलाल, छविलाल, पतञ्जलि आदि व्यक्तिहरू पनि कवि भएको सूचना जनसमक्ष पुऱ्याएका थिए ।

साहित्य सृजनामा यी आफ्ना दौंतरीहरूलाई नै अघि सारिरहन्थे । आफ्ना पूर्वज, समकालीन र पछाडिका मान्छेको उनी खुबै प्रशंसा गर्थे । यिनले भानुभक्तलाई कहीं आदिकवि भनेका छन्, कहीं कविकुलमुकुट भनेका छन् भने कहीं चाहिं चक्रचूडामणि पनि भनेका छन् । त्यसैगरी यिनले राजीवलोचन जोशीलाई कवि शिरोमणि र पद्मविलास पन्तलाई कवि भनेर सम्बोधन गरेका छन् । मोतिराम भट्टले आफूले मनले खाएका व्यक्तिको स्तुति गरेर कविता पनि लेखिदिन्थे । उनले भानुभक्त, राजीवलोचन र पद्मविलासको काव्यात्मक महिमा निकै राम्ररी गाएका छन् ।

**कवि, गजलकार तथा गायक**

मोतीराम भट्टले श्रृंगार, भक्ति तथा राष्ट्रियताका विषयमा थुप्रै कविताहरू लेखेका छन् । श्रृंगारिक कविताका चाहिं उनी निर्माता नै बने । श्लोकसंग्रह र मनोद्वेग प्रवाहमा मोतिराम भट्टका थुप्रै श्रृंगारिक कविता रहेका छन् । 'पिकदूत' भट्टको श्रृंगाररसको अर्को काव्य हो । मोतीराम भट्टले नै नेपाली भाषामा गजलको आविष्कार गरेका हुन् । यिनले नेपाली भाषामा थुप्रै गजल लेखेर लोकप्रिय बनाएका छन् । त्यसबेला यिनको गजल लेखनबाट लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, नरदेव पाण्डे पनि आकर्षित भए र उनीहरूले पनि गजल लेख्न थाले । भट्टकै प्रेरणाबाट शम्भुप्रसाद ढुङ्गेल, भीमनिधि तिवारी र महेन्द्र वीरविक्रम शाहले पनि नेपाली काव्यविधामा गजललाई महत्वपूर्ण किसिमले प्राथमिकता दिएको पाइन्छ । भट्ट गजलकार मात्र नभएर गायक पनि थिए । त्यसबेला दरबारमा उर्दूका गीतगजल गाएको देखेर यिनले नेपाली गजलगीत लेखे र गाएर पनि प्रस्तुत गरे । मोतीराम भट्टले लेखेका यस किसिमका गजल प्रशस्त छन् :

*यता हेर्यो यतै मेरा नजर्मा राम प्यारा छन्*
*उता हेर्यो उतै मेरा नजर्मा राम प्यारा छन् ।*

**समस्यापूर्ति कविताका प्रारम्भकर्ता**

समस्यापूर्ति कविता लेख्ने जाँगर चलेपछि अरूलाई पनि यस विषयमा केन्द्रित गर्न उनले काठमाडौं तथा बनारस दुबै ठाउँमा मित्रमण्डलीको स्थापना गरे । संस्कृत वाङ्मयको पुरानो चलनलाई नेपाली भाषामा कायम गराउन उनी खुबै जुटे र समस्यापूर्ति कविता सर्वप्रथम भट्टले नै आफै लेखे । बनारसमा बसेको बेला यिनले आफ्ना हितैषी साथीहरू तेजबहादुर, काशीनाथ, रंगनाथ, चेतसिंह र पद्मविलासलाई पनि समस्यापूर्तिका कविता लेख्न निपुण बनाएका थिए । यिनले काठमाडौंमा राजीवलोचन जोशी, भोजराज पाण्डे, डोलेश्वर, लक्ष्मीदत्त पन्त, नरदेव पाण्डे, कालीप्रसाद, देवराज र गोपीनाथ लोहनी आदिलाई पनि संगठनात्मक रूपमा समस्यापूर्तिको कविता लेख्न वातावरण जुटाइदिएका थिए । वास्तवमा उनीहरू पनि क्रमशः 'समस्यापूर्ति' कविता लेख्न निपुण भएका थिए । मोतीराम भट्टले दिएको समस्यापूर्तिको एउटा शीर्षकबाट मोतीराम श्रृंगारिक कवि थिए भन्ने कुरा स्पष्ट हुन्छ :

*ल्यौ ल्यौ औंठी म दिन्छु राख*
*तिमीले मेरो निशाना भनी ।*

**नाटककार तथा निर्देशक**

मोतिराम भट्टले नेपाली भाषामा 'शकुन्तला, प्रियदर्शिका र पद्मावती' गरी तीनवटा नाटक लेखेका छन् । यिनले उर्दूमा पनि नाटक लेखेका थिए । शकुन्तला नाटक यिनले आफ्ना साथी देवशमशेर जबराको अनुरोधमा लेखन र निर्देशन गरेका थिए । यिनले निर्देशन गरेको यो नाटक प्रधानमन्त्री वीरशमशेरले पनि हेरका थिए । सो नाटक दरबारबाट पुनः बाहिर निस्केन । भनिन्छ देवशमशेरबाट नै यस नाटकलाई दबाइएको थियो । जे होस्, मोतिराम भट्ट नाटक लेखनमा जति कुशल थिए निर्देशनकलामा पनि त्यति नै पोख्त थिए ।

**सम्पादक, छापाखाना र पत्रिकाका प्रबन्धक तथा पुस्तकालयका निर्माता**

मोतीराम भट्टले प्रायः भानुभक्त आचार्यका कृतिहरूको मात्र सम्पादन गरेको पाइन्छ ।



भानुभक्तको बालकाण्ड रामायण यिनैको सक्रियता, सौजन्य र भूमिगत सम्पादनमा प्रकाशित भएको थियो । भानुभक्तकृत रामायणको भाषाका सम्पादक मोतीराम भट्ट नै हुन् । त्यसैगरी मोतिरामले भानुभक्तका भक्तमाला, रामगीता, प्रश्नोत्तर र वधूशिक्षाको पनि सम्पादन गरेका थिए ।

मोतिराम भट्टले नै पहिलो नेपाली मासिक पत्रिकाको प्रकाशनको प्रबन्धकर्ता हुन् । यिनले निकालेको पत्रिकाको नाउँ थियो गोरखा भारतजीवन र यो पत्रिका बनारसबाट प्रकाशित भएको थियो । यिनले बनारसका आफ्ना हितैषी मित्र रामकृष्ण बर्माको सहयोग लिएर भारतजीवन नामक छापाखाना स्थापना गराए । त्यस छापाखानालाई यिनैले जिम्मा लिई आफू त्यसको प्रबन्धकका रूपमा बसे । भट्टले त्यही छापाखानाबाट भानुभक्तका कृतिहरू पनि छपाए । भट्टले त्यस छापाखानाबाट छापाखानाका मालिक रामकृष्ण बर्मालाई पनि निक्कै आर्थिक लाभ पुऱ्याएका थिए । मोतीरामले नेपालमा आफ्ना मामा कृष्णदेव पाण्डे र आफ्ना अभिन्न मित्र धीरेन्द्रसँग मिली ठहिटीमा पाशुपत छापाखानाको स्थापना गरे ।

१९५० सालमा खोलिएको यो छापाखाना त्यति बेलाको नेपालको प्रसिद्ध छापाखाना मानिएको छ । पाशुपत छापाखानाको स्थापनापश्चात् त्यहाँबाट नेपाली भाषासाहित्यका थुप्रै पुस्तक र पत्रिकाहरू छापिन थालेको पाइन्छ । आफ्ना मामा कृष्णदेव पाण्डेसँग मिलेर आफ्नो नाउँसमेत जोडी काठमाडौंको ठहिटीमा यिनले एउटा पुस्तकालयको स्थापना गरे । त्यसको नाम मोतीकृष्ण कम्पनी हो । यिनले त्यस पुस्तकालयमा नेपाली भाषाका यथेष्ट पुस्तकहरू जोडेका थिए । मोतीकृष्ण कम्पनीबाट पुस्तकहरू पनि बेचिने कार्य हुन्थ्यो । उनले नेपाली भाषाको पहिलो पुस्तकालयको निर्माण गरेर नेपाली भाषासाहित्यको सेवा गरेका थिए ।

मोतिराम भट्ट नेपाली साहित्य फाँटका एक जना अनुपम व्यक्तित्व थिए । उनी नेपाली भाषासाहित्यको सृजना र सयठनका प्रेरक, श्रद्धेय र आधिकारिक पुरुष हुन् । पढ्दै, पुस्तक लेख्तै, सम्पादन गर्दै, पत्रिका चलाउँदै, पुस्तकालय खोल्दै, छापाखानाको स्थापना गर्दै, अरूलाई लेख्न प्रेरणा दिँदै यिनले नेपाली धर्तीलाई बिर्सिनसक्नुको गुन लगाएका छन् । नेपालका लागि मरिमेट्ने उनी ठूला सपूत सपूत हुन् । आफ्नो जीवनको अथक मिहिनेत, बौद्धिक कसरत र हिम्मतका कारणले उनी नेपाली माटोमा चिरस्मरणीय रहेका छन् । उनको योगदानका कारणले उनी यस देशका राष्ट्रिय विभूति बनेका छन् ।

उनका नाउँमा कैयौँ संघ-संस्था, बाटाघाटाको निर्माण भएका छन् । उनका नाउँमा हुलाक टिकट निकालिएको छ । उनैको नाममा युवावर्ष मोती पुरस्कारसमेत स्थापना भएको छ जुन पुरस्कार नेपाली साहित्यका युवा पिंडीको सर्वोच्च पुरस्कारका रूपमा रहेको छ । बहुमुखी प्रतिभाका धनी मोतिराम भट्ट राष्ट्रभाषा नेपालीका पहिलो उत्थापक हुन् । मोतिरामको सृजना, गोडमेल र जलमलका कारणले नेपाली भाषाले आजको स्थिति ओगटेको हो । यो मुलुकप्रति उनको अत्यन्तै ठूलो सद्भावना थियो । उनी ठूला देशभक्त हुन् भन्ने कुरा तलको कविताबाट थाहा पाउन सकिन्छ :

*अचल् झन्डा फर्कोस् फरफर गरी कान्तिपुरिमा*
*रिपूको मन् थर्कोस् थरथर गरी छीन घरिमा*
*यवन्ले राज गर्दा कति पतित हिन्दूस्थल भयो*
*फगत् यो नेपाल्को मुलुक बचि कंचन् रहिगयो ।*

समग्रमा मोतीराम भट्ट बहुमुखी प्रतिभाका धनी मानिन्छन् । उनका विषयमा विषद अन्वेषण गर्नु हामी सबैको परम् कर्तव्य हो । अस्तु ।

# कुशेऔंशी र बुवाको महत्व



**ज्यो. मधुसूदन रिजाल**

आज भाद्र कृष्णपक्षको अमावश्या तिथि, आजको दिनलाई कुशे औंशी भनेर भनिन्छ । यसैगरी आजको दिनलाई पितृऔशी पर्वको रुपमा पनि मानिन्छ । आजको दिनमा सन्तानहरुले आफ्ना पिताको मुख हेर्दछन् । वैदिक परम्परामा पिता, माता, गुरु र अतिथिलाई जीवित देवता मानिएको छ । संसारको सृष्टिक्रममा पनि आमाले सन्तानलाई जन्मदिने लालनपालन गरेर हुर्काउने र पिताले शिक्षा दिक्षा दिएर योग्ग बनाउने हुँदा सन्तानले पनि आफ्ना जन्मदाता मातापिताको आदरसत्कार सेवासुश्रुषा



विशेष पर्वको रुपमा मान्नुनै पर्ने हुन्छ । जीवित छउञ्जेल सेवा, सत्कार नगर्ने सन्तानले तीनको श्राद्ध गर्नु कुनै अर्थ रहँदैन । जीवित माता पिताको सेवा गरेमा मात्र मातृपितृ ऋण तिर्न सकिन्छ ।

यसैकारण पितृऔशीमा पिताको मुख हेर्ने चलन चलेको छ । आजको दिनमा मिठा-मिठा खाद्यपरिकार र मिष्ठान्न एवम् उपहारहरु पितालाई अर्पण गर्ने गरिन्छ । टाढा-टाढा रहेका सन्तानहरु आफ्ना पितालाई भेट्न आजको दिनमा आउने गर्दछन् । आफ्ना बुबा नहुने सन्तानहरु पितृ स्मरणमा आज बिहानै पवित्र नदीनालामा गएर स्नान गरी पिताको नाममा श्राद्ध गरी पिण्ड दान गर्दछन् ।

*विरिञ्चिना सहोत्पन्नः परमेष्ठी निसर्गतः ।*
*नुद सर्वाणि पापानि दर्भ स्वस्तिकरो भव ॥*

उपरोक्त श्लोक कुश काट्ने मन्त्र हो । कुनै पनि पूजा, विवाह, व्रतवन्ध, आशौच, सुतक आदिमा कुशको प्रयोग गरिएको सर्वविदितै छ । धार्मिक क्षेत्रलाई कुशको प्रयोग गरिएको सर्वविदितै छ । धार्मिक क्षेत्रमा सुनको सट्टा कुशको प्रयोग गरिन्छ । धार्मिक कार्यमा सुनलाई आवश्यक मानिन्छ सुनपानी चलाइन्छ । तर, सुनको अभावमा कुश पानीबाट पवित्र पार्ने चलन रहेको छ । धार्मिक अनुष्ठानमा सुनको बदलामा कुशको औंठी तथा कुशासनको प्रयोग गरिन्छ ।

कुशको उत्पत्ति बारेमा एउटा आख्यान रहेको छ । महाभारतको भीषण युद्ध समाप्त भइसकेको थियो । युद्धभूमिमा जताततै रगतको आहाल टाटोले भरिएको थियो । वीर गति प्राप्त गरेका सैन्यहरुका अङ्गहरु छिन्नभिन्न भएका जताततै छरिएका थिए । माता गान्धारी आफ्ना छोराहरुको मृत्युको कारण श्रीकृष्ण नै भएको ठहर गरी बलिन्द्रधारा आँशु बगाउँदै श्रीकृष्णलाई जसरी कुरु बंशको नाश भयो त्यसरी नै यदुवंशको पनि नाश होस्, यदुवंशी कृष्णलाई शीला, वृक्ष, बुटा र घाँस हुनु परोस् भन्दै श्राप दिइन् । माता गान्धारीको त्यही श्रापको प्रभावले कृष्णले शालीग्राम, पिलल, तुलसी र कुशको पूजा हुँदै आएको हो भन्ने मानिन्छ । दर्भो य औषधीस्तं ते बध्तनामि आयुषे अर्थात् कुश भनेको तत्काल लाभ गर्ने महाऔषधि हो । नास्य केशान् प्रवन्ति नोरसि तडमाध्नते । यस्मा अछिन्नवर्णेन दर्भेन शर्म्म यच्छति अर्थात् कुश लगाउनाले ब्यक्तिको कपाल झर्दैन र उसलाई हृदयघात हुँदैन । दर्भेण देवजातेन दिविष्टम्भेन अर्थात् कुश दैवी शक्तिले युक्त भएकोले यसले मानव जातिलाई बाहिरी आवरणबाट सुरक्षा दिन्छ ।

*अग्निस्सूर्य्यचन्द्रमा भूमिरापो, द्यौरन्तरिक्षं प्रदिशोदिशश्च ।*
*आर्तवा ऋतुभिः संविदाना अनेन मा त्रिवृताः पारयंतु ॥*

अर्थात् घाम, पानी, आगो, हावा, चन्द्र, पृथ्वी द्यौ, अन्तरिक्ष दिशा विदिशा एवम् ऋतुहरुबाट उत्पन्न हुने जाडोगर्मीबाट सुरक्षित हुन शीर हातगोडालाई सुरक्षा गर्नु । मृत शरीरलाई पनि कुशको ओछ्याउने माथि



राख्नु भनेर कतिपय शास्त्रमा उल्लेख गरेको पाईन्छ ।

त्यस्तै मरणासन्न व्यक्तिलाई खाली जमीनमा राख्दा पृथ्वीको आकर्षणले व्यक्तिको प्राण गुह्यमार्गबाट निस्कने हुनाले कुशमाथि राख्नु जरुरी छ । कुशले आध्यात्मिक क्षेत्रलाई मात्र नभएर वैज्ञानिक क्षेत्रमा पनि महत्वपूर्ण स्थान ओगटेको पाईन्छ । अर्थव वेदमा पनि कुशलाई सुनको रुपमा स्थान दिइएको पाईन्छ । जसरी सुन आफ्नो दिव्यताको कारणले कीट विनाशक हो ,त्यसरी नै कुश पनि दिव्यतायुक्त भएको हुनाले संक्रामक कीटाणुहरु विनाशक हो । सुन अति महँगो भएको हुनाले जोसुकैले यसको उपयोग गर्न नसकेको कारणले पनि कुशको महत्व बढ्दै गएको हो । शल्यचिकित्सा सम्बन्धी प्राचीन विद्या भैषज्यकल्पनामा कुशबाट औषधि बनाउने विधिको बारेमा जानकारी दिएको छ ।

औषधि बनाउनका लागि कुशको जरा प्रयोगमा ल्याइन्छ भने कुशको काँडाबाट 'तृणपञ्चमूल क्वाथ' बनाइन्छ । तेलबाट मालिस र यौनजन्य रोगमा उपयोग गरिने कुशाद्य तेल निर्माण गरिन्छ । निघन्टुमा क्षयरोग, नाईटो र छाला सम्बन्धी रोगमा कुश अत्यन्त लाभदायक हुने कुराको पुष्टि गरेको छ । बच्चालाई जन्म दिएकी सुत्केरीको दूध कम आएमा कुशको प्रयोग राम्रो हुने कुरा उल्लेख छ । कुशको अध्ययन र प्रयोगका लागि यत्रो विधि प्रयोग गरिनुमा हाम्रो प्राचिन परम्परा ब्यवस्थित एवम् वैज्ञानिक र मानवकल्याणको भावनाले प्रेरित छ । यसरी हाम्रो धर्म परम्परासँग यस्ता अनेकौ वनस्पतिहरुले सम्बन्ध जोडेका छन् । कुशे औशीमा कुशको महत्व बुझी यसलाई शुभत्वको प्रतिक मानि आज किन ढोका माथि नसिउरीने त !

## भुवन र रीमाले कसे लगनगाँठो



अभिनेता भुवन केसीले करिब सात वर्षपछि अभिनयमा कमब्याक गरेको फिल्म 'मिस्टर नेपाली'को पहिलो गीत 'नाँचौ छम्मा छम्मा' बोलको गीतमा अभिनेता भुवन दुलहाको भेषमा अभिनेत्री रीमा विश्वकर्मासँग विवाह मण्डपमा देखिएका छन् ।

यो गीतमा मिलन लामा र रीता केसीको स्वर, सुभाष भुषालको संगीत र देव भुषालको शब्द छ । भुवन र रीमासँगै गीतको भिडियोमा नव-कलाकारद्धय साहिल श्रेष्ठ र कुसुम राउत, कलाकाहरू रवि डंगोल, बिष्णु सापकोटा, कमलमणी नेपाल लगायत रहेका छन् ।


## तपाईंहरूको आफ्नै पत्रिका

मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल दैनिक

**प्रेस काउन्सिल नेपालद्वारा 'क' श्रेणीमा वर्गीकृत विर्तामोडबाट विगत २०५२ सालदेखि निरन्तर प्रकाशन हुँदै आएको यस दैनिकमा राहदानी हराएको सूचना, जन्मदिनको शुभकामना, श्रद्धाञ्जली/समवेदना, सरकारी सूचना लगायत विज्ञापनहरु प्रकाशन गर्न तथा ग्राहक बन्न एवम् कुनै गुनासो या सल्लाह,सुझाव भए सदैव हामीलाई सम्झनुहोला ।**

केन्द्रीय कार्यालय बिर्तामोड-१, अतिथिसदन छेउ (समाचार शाखाः ०२३-५४१००२/ विज्ञापन तथा प्रशासन : ०२३-५४००४४) व्यवस्थापकः ९८४४६४२०९५/कार्यकारी व्यवस्थापक : (९८४२६३४७४०/९८१६९८१०१७), शनिश्चरे-अर्जुनधारा, खुदुनाबारी (अमित खम्बू : ९८४४६६५७८४/ ९८०६०९५८४४), पर्वेज आलम (९८१७०३५४४२/९८६२६४२६५०), मेघबहादुर राई ९८१५९९००३३, काँकरभिट्टा/बाहुनडाँगी/पानीटंकीः राजकुमार शर्मा (९८६३७०५८५५/९८०७९१३०२३), धुलाबारीः सुमन बस्नेत ९८१५०६३६३८/९८४४६११४६७, लक्ष्मीपुर/दुर्गापुरः पूर्णबहादुर कटुवाल (९८५२६७९६२२), चारपाने : बिनोद पाण्डे (९८५२६५५२९१), घैलाडुब्बा-डाँगीबारी : तुलसीप्रसाद निरौला (९८१६०४१६४६), सुरुङ्गाः तीर्थराज खरेल (९८४२६७१५८४), ऋषि लामिछाने (९८०६०२५०२४), माईधार : विश्वदीप पुस्तक पसल (०२३-४१००३१, ९८१७९२१६८०), दुधे : शान्तिराम बस्नेत (९८४२६५७२८३, ९८१७०६८९३७), झिलझिले/पाँचगाछी : नारायण शिवाकोटी (९८१७०००२५४), धरमपुर : हरि ढकाल (९८४२६२२८९६), केरखा : उमानाथ भण्डारी (९८५२६७०६३१), दमकः डीवी बस्नेत (९८१६०८८९५९), माधव ढकाल (९८५२६७५६२२), उर्लाबारीः आशिष भुजेल ९८२९३२३५४७, पाडाजुगी/मंगलबारे/गेउरीया : गोकुल दाहाल (९८२५७५३४६१), गौरादहः विवेक घिमिरे (डण्डी) (९८५२६७६३०८), केरखाः उमानाथ भण्डारी (९८५२६७०६३१), खोटाङः दिलीप खत्री (९७४३००१४७७) उदयपुरः गणेश उप्रेती (९८४२८३७९१३), भद्रपुर-चन्द्रगढी-पृथ्वीनगरः पार्थ मण्डल (९८४२६२६३०९), बुधबारे : रामचन्द्र भट्टराई (९८४४६०९३७७), टंक विकल्प (९८४२६५५८०७), होक्से : नारायण अर्याल (९८०६०६२४०३/९८४२६९७३१०), दानावारी इलाम : सुष्मा राई (९८१४०२६२०२), इलाम/ झालुझोडा, कुटिडाँडा, कोल्बुङ : गणेश अर्याल (९८५२६८०३४४/९७५२६०५३४४), हर्कटे, कन्यामः खगेन्द्र शिवाकोटी (९८४२६२४३१९) इलाम/छिपिटार, फिक्कल : मनकामना पुस्तक पसल - यादव घिमिरे (मो. ९८०७९६७९९९), इलाम : जौबारी, गोदक : रोम अधिकारी (९८४२७२२७६२), इलाम/गोदक धर्ममणि गौतम - ९८४२७४४७५६, इलाम नगरपालिकाः विष्णु भट्टराई/सञ्जिवनी आयुर्वेद औषधि पसल (०२७-५२१४९०/९८६२६३७७६२), पुवाखोला नुतन दुलाल ९८१५९०२३७६/९८४२६२७५६०, बर्ने/सुनमाई/शान्तिनगर : दिपेन विक ९८१६९४५९९२/९८६२६१६६४६, पथरी : नीलम थापा (कामना पुस्तक पसल) (०२१-६९११८८/९८४२०४३७६५), मोरङ बेलबारी किशोर भण्डारी (९८६२०६२०६२/९८५११६५५५६), इटहरी : तेज वन विश्वासी ९८०४०२५७४३, धरान : शैलेन्द्र दाहाल (धरान न्यूज सेन्टर) ०२५-५२८६८६/९८४२०६०९४८ , ताप्लेजुङः बसन्त लिम्बू (९८४४६३२२३५), दुर्गाप्रसाद पौडेल (९८४२६५२७१३) भारत शिलगढी, दार्जीलिङः मानिक कुन्डु (+९१९८००३८००८६), राँके : दुर्गाप्रसाद चौलागाई (९८०८७०७००७), घुर्विसे पञ्चमीः युद्धबहादुर बोहोरा (९८१३७५७२०६), विराटनगरः चन्दन राय (९८१२३२६९२८)